

वर्षको खेलकुद

पृष्ठ २२ र २३

● वर्ष १४ ● अंक ३१ ● काठमाडौं, शुक्रबार, पुस ११, २०६५ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Dec 26, 2008 ● पृष्ठ २४ ● मूल्य रु. ८/-



# बधाई महिला क्रिकेट टिम




**साप्ताहिक समाचार**

काठमाडौं- थाइल्यान्डको चियाङमाईमा सम्पन्न प्रतियोगितामा नेपालका खेलाडीहरूले सानदार सफलता हात पारेर बधाईको पात्र भएका छन्। गत वर्ष पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउँदा उपविजेता रहेको नेपालका महिला क्रिकेटरहरूले यस पटक उमेर समूह क्रिकेटमा पहिलो स्थान हासिल गरेर नेपालका लागि ऐतिहासिक सफलता प्राप्त गरेका हुन्। उनीहरूको यो सफलता नेपालका अरू खेलका खेलाडीहरूका लागि पनि प्रेरणादायी हुने छ भन्ने विश्वास गरिएको छ। अहिलेको अवस्थामा नेपाली महिला खेलाडीहरूको यो सफलताबाट पाठ सिकेर नेपाली खेलकुदका नीति-निर्माताहरूले आगामी दिनहरूको रणनीति तयार गर्ने विश्वाससमेत यतिखेर नेपाली खेलकुदवृत्तमा देखा परेको छ। नेपालमै कम प्रचारित महिला क्रिकेट सीमित स्थानमा सीमित खेलाडीहरूमा खेलिँदै आएको छ। अन्य खेलको तुलनामा नेपाली महिला क्रिकेट खेलाडीहरूले साधन र सुविधा पनि कम नै पाएका छन्, तर पनि एसीसीको १९ वर्षमुनिको महिला क्रिकेटजस्तो प्रतिष्ठित प्रतियोगितामा आफ्नो बलियो उपस्थिति जनाएर खेलाडीहरू साधन वा सुविधामा मात्र खारिन पुग्छन् भन्ने प्रचलित मान्यतालाई समेत नेपाली महिला क्रिकेटरहरूले ओझेलमा पारेका छन्।

चियाङमाईमा आफूले खेलेका सातवटै खेलमा प्रतिद्वन्द्वी टिमहरूमाथि हावी नेपाली खेलाडीहरूले जुन उत्साहका साथ अपराजित यात्रा तय गरे त्यसले उनीहरूको प्रतिभालाई त चिनायो नै, साथसाथै स्तरीय साधन र सुविधा प्राप्त हुन सके नेपाली महिला खेलाडीहरू विश्वको जुनसुकै टिमसँग पनि प्रतिस्पर्धा गर्न सक्ने क्षमता राख्छन् भन्ने कुरा पनि प्रमाणित भयो। चियाङमाईमा नेपालद्वारा पराजित मलेसिया (फाइनलसहित दुई पटक), चीन, सिंगापुर, आयोजक थाइल्यान्ड (सेमिफाइनलमा) जस्ता टिमहरू साधन र सुविधाका दृष्टिकोणले नेपालभन्दा अब्बल मानिन्थे।







साप्ताहिक इन्फो

## वर्षका विश्व सुन्दरीहरू

मध्य पृष्ठमा

# विराटनगरमा रिदम नाइट र फन फेस्टो



**कमल रिमाल**

विराटनगर- पुसको चिसो, त्यसमाथि खुला आकाश अनि रातिको समय। जाडोले काम्दै भेला भएका तन्नेरीहरू घाँसे चौरमा केही क्षणमै तात्न थाल्छन्। भीडको रापसँगै सांगीतिक वातावरणमा उनीहरूले आफ्ना न्याना कपडा खोल्दै जान्छन्। त्यसमाथि गर्मी लाग्न थालेपछि उनीहरू पसिना पुछ्न थाल्छन्।

गएको शनिबार विराटनगरमा भएको सूर्य लाइट्स रिदम नाइट्सको दृश्य हो यो। होटल रत्नाको घाँसे मैदानमा जाडोलाई पूर्ण रूपमा बिर्सिएर युवायुवतीले वातावरण तताएका थिए। पार्टी नेपालको आयोजना तथा क्रिएटिभ आईको व्यवस्थापनमा भएको रिदम नाइटका आकर्षण क्रान्ति आले भएकाले पनि वातावरणमा रौनक छाएको थियो।

लगातारको उफ्राइले युवायुवती थाक्न थालेपछि डिजे सुरज र भिजे निशाले उनीहरूमा पुनः उत्साह थप्दै नाच्न बाध्य तुल्याउँथे। रिदम नाइटमा रम्न टाढा टाढाबाट आएका युवायुवतीहरू कार्यक्रम रातिसम्म चलेकाले त्यस दिन विराटनगरमै बास बस्न बाध्य भएका थिए। सुनसरीमा त्यस दिन भएको चक्काजामको पर्वाह नगरी धराने युवायुवतीहरू मोटरसाइकलमा ४० किलोमिटर पार गरेर विराटनगर आएका थिए।

त्यस्तै रोटरी क्लब अफ विराटनगर डाउन टाउनले गएको शुक्रबार र शनिबार विराटनगरमा आयोजना गरेको मनोरञ्जनात्मक व्यापार मेला 'फन फेस्टो' मा पनि युवायुवतीहरू रमाए। व्यापार मेलामा राखिएका खाद्य परिकारको मजा लिँदै युवायुवती डान्समा भुलेका थिए। उक्त अवसरमा बालबालिकाहरूको फेसन सो पनि प्रस्तुत गरिएको थियो। मेलाबाट उठेको आम्दानी अपाङ्ग बालबालिकाका लागि खर्च गरिने आयोजकहरूले बताएका छन्।



तस्बिर : विकास राई

# धरानेलाई नचाए राजुले

एक दशकपछि धरान आएका गायक राजु लामालाई हेर्न दर्शकहरू कार्यक्रम हुनुअघि नै पब्लिक उमाविको मैदानमा भेला भैसकेका थिए। कार्यक्रम निर्धारित समयभन्दा ३ घण्टा ढिलो सुरु भए पनि धरानेहरूको उत्साहमा कुनै कमी थिएन।

स्थानीय गायक नवराम राईको 'नमुना' एल्बम विमोचनपछि कार्यक्रम सुरु गरिएको थियो। गायक राईको गीतसँगै धरानेहरू हौसिन थाले। पप गायक द अर्थ ब्यान्डका सिवाज लामिछानेले आफ्ना चर्चित गीतहरू गाएका थिए भने डिल्ली फोम्बोले निरन्तर तीनवटा गीत गाएर दर्शकहरूलाई संगीतको वातावरणमा समाहित गरेका थिए।

लामो समयदेखि राजु लामाको पखाइमा बसेका दर्शकहरू एक्कासि लामा चन्द्र सूर्य अंकित राष्ट्रिय झन्डा हल्लाउँदै मेरो नेपाल मेरो मलाई प्यारो लाग्छ .......... गीत गाउँदै स्टेजमा देखा पर्दा पूरै वातावरण नै कोलाहलमय बनेको थियो। उनलाई धराने दर्शकहरूले ताली र भरिपूर्ण उत्साहले स्वागत गरेका थिए। बादलपारिको गीत गाउँदै लामा १ मिटर अग्लो मञ्चबाट हाम फालेर दर्शकमाझ पुग्दा प्रशंसकहरू पागलसरि उनको वरिपरि झुमेका थिए भने प्रहरीलाई भीड नियन्त्रण गर्न हम्मे-हम्मे परेको थियो।

१० वर्षपछि मन परेका गायकलाई धरानमा पाउँदा रकिङ युवा युवापुस्ता पुसको जाडोको पर्वाह नगरी साँझसम्म राजुलाई साथ दिइरहेको थियो। कार्यक्रमको अन्तमा लामाको अटो ग्राफ लिन र फोटो खिच्न चाहनेहरूको भीडले स्टेज घेरेको थियो, तर आयोजकले सुटुक्कै लामालाई भगाएपछि भने उनीहरू रुष्ट भएका थिए।

# चिसोमा हट डान्सपार्टी

**सुमित्रा अञ्जान**

धरान– पुस महिनाको चिसोको कुनै पर्वाह नगरी धराने युवायुवतीहरू आ-आफ्नै तालमा रमाइरहेका थिए। शनिबार पार्टी नेपालले निर्वाणा कन्ट्री कल्बमा आयोजना गरेको सूर्यलाइट रिदम नाइट डान्स पार्टीमा सबैले फुर्सदको सदुपयोग गरेका देखियो। पार्टीका सहभागीहरू लगभग पाँच घण्टा कुनै वास्ता नगरी नाचे।

पार्टीमा कोही जोडी लिएर आएका थिए भने कोही साथीहरूको समूहमा डान्स पाटर्नर खोज्दै आएका थिए। रोजाइको पहिरनमा सजिएर आएका युवायुवतीहरू झमक्क अँध्यारो भएलगत्तै डिजे सुरलेसबैलाई स्वागत गरेका थिए। धरानमा पहिलो पटक आएका सुरले नेपाली र हिन्दी रिमिक्स गीत लगातार प्रस्तुत गरे।


कार्यक्रमको सुरुमै हिन्दी गीतहरूको सुरमा हौसिएका युवायुवतीहरू नाचेको सुरमा पसिनाले निथ्रुक्क भए। क्लिक धरान डटकमको स्थानीय संयोजनमा गरिएको कार्यक्रममा दर्शक अपेक्षा गरेभन्दा बढी नै उपस्थित थिए। अधिकांश सहभागी दर्शकको पहिलो रोजाइ डान्समा झुम्नु अनि चर्चित गायक क्रान्ति आलेको सुरमा सुर मिलाउनु थियो।



तस्बिर: सञ्जीव खनाल



# तपाईंको यो साता



## यो साताको पञ्चाङ्ग

पुस १२ गते : गोकर्ण, बेत्रावती र बराहक्षेत्रमा विष्णुपादुका श्राद्ध, गया श्राद्ध, मौनी पौषी औंसी, १३ गते : तोल ल्होसार, १५ गते : तमु ल्होछार, १७ गते : इस्वी संवत् २००९ प्रारम्भ।

### मेष

सताको पूर्वार्द्ध प्रतिकूल रहनेछ। स्वास्थ्य गडबड रहनाले काममा अवरोध आउन सक्छ। मन चञ्चल हुनेछ। अरूबाट आलोचित हुनुपर्ला। सोमबारदेखि प्रसन्नता बढ्नेछ। कामहरू पूरा हुन थाल्नेछन्। व्यवसायबाट लाभ मिल्नुका साथै वैदेशिक कार्यमा सफलता हात लाग्नेछ।

### मिथुन

काममा सफलता मिल्नेछ। धन आर्जन हुने योग छ। व्यवसाय फलदायी रहनेछ। रमाइलो यात्रा होला। अरूबाट सहयोग पनि प्राप्त हुनेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। झूटा आरोप लाग्न सक्छ।

### सिंह

घरेलु समस्याले सताउन सक्छ। काममा अवरोध आउने तथा चिन्ता एवं गलत विचार बढ्ने योग छ। आफ्नै असावधानीका कारण काम बिग्रन सक्छ। आफन्त बनेर धोका दिनेहरू प्रशस्तै होलान्। सोमबारदेखि काममा सफलता मिल्नेछ। धन आर्जन हुने, व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ।

### तुला

विवाद बढ्नेछ भने धनमाल हराउन सक्छ। मनमा चिन्ताले दरिलो डेरा जमाउनेछ। शनिबारदेखि पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान पनि प्राप्त होला। व्यवसाय लाभप्रद रहनेछ। अध्ययनमा सफलता पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### धनु

कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। शनिबारदेखि मान-सम्मान मिल्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। व्यवसायबाट सफलता प्राप्त होला। धन आर्जन हुने देखिन्छ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ।

### कुम्भ

मान-सम्मान मिल्नेछ भने अरूको सहयोग पनि प्राप्त होला। धन आर्जन गर्ने एवं भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोमबार, मंगलबार र बुधबार खर्च एवं विवाद बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### वृष

व्यवसाय एवं प्रसन्नता बढ्ने, यात्रा हुने तथा काममा सुधार आउने योग भए पनि शनिबारदेखि मंगलबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। बिहीबार तथा बुधबार मान-सम्मान मिल्नुका साथै प्रसन्नता बढ्ने देखिन्छ।

### कर्कट

साताको सुरु र अन्त्यमा चिन्ता, आलस्यता एवं अस्थिरता बढ्नेछ। काममा अवरोध आउला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। धनमाल हराउन वा शरीरमा चोटपटक लाग्न सक्छ। शनिबारदेखि बुधबारसम्म काममा सफलता मिल्नेछ भने धन आर्जन तथा यात्रा हुने योग छ।

### कन्या

पराक्रम बढ्नेछ भने नयाँ काम पाइनेछ। अधुरा काम पनि पूरा हुनेछन्। शनिबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा गलत विचार एवं चिन्ता बढ्ने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आफन्तहरूको गुनासो बढ्नेछ। शत्रुले सताउनेछन्। व्यवसायमा प्राप्त हुने सफलता भने कायमै रहनेछ।

### वृश्चिक

मान-सम्मान मिल्नेछ भने भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययन एवं व्यवसायमा सफलता हात लाग्नेछ। शनिबार र आइतबार विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### मकर

धन आर्जन गर्ने अवसर जुट्नेछ। काममा सफलता प्राप्त होला। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। व्यवसायबाट लाभ प्राप्त होला। शनिबार र आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### मीन

सुरुमा नैराश्यता एवं उदासीनता बढ्न सक्छ। काममा अवरोध आउला। खर्चले सताउनेछ। विवादले चिन्तित बनाउला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शनिबारदेखि बुधबारसम्म मान-सम्मानका साथै काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूबाट सहयोग प्राप्त होला।


**तु-आवश्यकता**

American नागरिक Lady Mount को सहयोगमा सन्चालित एक International Organization लाई थप कर्मचारी आवश्यकता

संख्याः 8 Gents / 7 Ladies
तलबः 8000+अन्य सुविधा
योग्यताः SLC or Above
सम्पर्कः 2392369
9841881312
बल्खु चोक
नोट : कार्यलय आउंदा Document अनिवार्य छ।

**ENGLISH LANGUAGE TRAINING**

छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँग
Tel :- 4249576

**तु-आवश्यकता**

American Company को लागि थप कर्मचारी आवश्यकता।
योग्यताः SLC or Above
संख्याः 9Gents/ Ladies
सुविधाः 8500+TA
USI नख्खु दोबाटो चोक
सम्पर्क 5532447
9803437476
9741111933
Note : बुझ्न आउंदा Document अनिवार्य छ।

**Happy New Year 2009**
HAPPY TIME, HEAVY DISCOUNT
उद्घोषण (RJ/VJ/MC)
* Public Speaking
* Personality Development
* Confidence Development
* News / Reporting
* Radio Technician
* Ad Production & Many More
The Media's Collection
Bagbazar, Ktm. 01-4233042
Pokhara 061-530569



# सिक्किममा नेपाली संस्कृतिको रौनक

● रमेशचन्द्र अधिकारी

दक्षिणी सिक्किमको सदरमुकाम नाम्ची यो साताभरि झकिझकाउ छ । अहिले नाम्चीका सबै ग्रामीण तथा बजार क्षेत्र रंगीबिरंगी फूल, बत्ती र तुलहरूले सजिएका छन् । दिन-रात मानिसहरूको चहलपहलले निकै रौनक छाएको छ । त्यसमा पनि नेपाली संस्कृतिको छुट्टै आनन्द मिल्ने यो महोत्सव यस बखत खुबै जमिरहेको छ ।

भारतीय भूमिमा नेपाली संस्कृति फस्टाएको एउटा गतिलो प्रमाण सिक्किमे जनताले दिएका छन् । सिक्किमको दक्षिणी क्षेत्रको सदरमुकाम नाम्चीमा अहिले नाम्ची महोत्सव भैरहेको छ । नेपाली संस्कृतिको उर्वर भूमिमा पुग्ने जोकोही नेपालीले आफूलाई विदेशमा रहेको कुनै आभाससम्म पाएनन् । महोत्सवमा नेपालीभाषी सिक्किमेहरूले आफ्नो मौलिक संस्कृतिको छुट्टै पहिचान र आकर्षण दिन सके ।

नयाँ वर्ष सन् २००९ को पूर्वार्द्धमा आयोजित पाँचौं नाम्ची महोत्सवको मुख्य आकर्षणमा लिम्बू, राई, तामाङ, लेप्चा र भोटिया संस्कृति रह्यो । महोत्सवमा करिब ५० हजार नेपालीको उपस्थिति थियो । महोत्सव अवलोकनकर्ताहरूले नेपाली समाजले आफ्नो मौलिक संस्कृति झल्काउने बासस्थान र परिकार तथा वेशभूषा खुबै मन पराएको आयोजकहरूले बताए । करिब १ सय स्टलमध्ये विभिन्न जनजातिका नमुना घरमा राखिएका परिकार, फूल, हस्तकलाका सामाग्रीले सर्वसाधारणको मन तान्यो ।

करिब ५ करोड रुपैयाँको लगानीमा आयोजित महोत्सवमा भारतका दार्जीलिङ, कालिङपोङ, नागाल्यान्ड, दिल्ली, सिलिगुढी आदि स्थानबाट सर्वसाधारणको उल्लेख्य उपस्थिति रह्यो । नेपाली संस्कृतिलाई उतार्ने चित्रकला, नृत्य तथा गीतसंगीतले त्यहाँको वातावरणमा उल्लास थपेको थियो । दैनिकजसो फरक-फरक प्रस्तुतिमा हुने गीत, नृत्य, साहित्यिक प्रस्तुति एवं हास्यव्यंग्यले महोत्सवको रौनक बढाएको थियो ।


## नारी मासिकको पुस अंक बजारमा उपलब्ध छ ।



## आवश्यकता

बहुराष्ट्रिय कम्पनीसंग सहकार्य गर्दै आएको कम्पनी रजिष्ट्रारको कार्यालयबाट मान्यता प्राप्त मित्रपार्क स्थित कम्पनिलाई विविध पदमा १९ महिला कर्मचारी आवश्यकता,
तलब - रु १०,०००।-
योग्यता - Test, SLC, PCL

सम्पर्क:
२०७३६१६, ९८४११९९११९
शनिबारपनि कार्यालय खुल्ला रहनेछ ।

## अर्जेन्ट आवश्यकता


नेपाल सरकारबाट विगत ५ वर्षदेखि मान्यता सञ्चालित संस्थालाई कर्मचारी हरुको आवश्यकता ।पार्टटाइम, फुलटाईम जबको व्यबस्था । गृहणी, विद्यार्थीलाई पनि मिल्ने
तलब- ९०००+गाडीभाडा
संख्या: १० महिला/५ पुरुष
योग्यता: साधरण लेखपढ, SLC +2 + above

सम्पर्क:
२०७२५४५, ९८४१४९३०२६
९८०३०७५९८१ चाबहिल
शनिबार पनि अफिस खुल्ला रहनेछ ।




नेपालको एकमात्र अत्याधुनिक Studio को Audio/Visual उपकरणमा Professional Course RJ/VJ/MC/ News Reporting, Reading, Media Marketing र Technician का
विशिष्ट कक्षाहरू
RJ/MC का हरेक कक्षा Most Demanded प्रशिक्षक हेम सुवेदी सम
VJ/MC का हरेक कक्षा नरेश भट्टराई द्वारा दिइने एकमात्र प्रशिक्षण केन्द्र
Opportunity is always with U if U deserve & demand the best

Boom Media
Baghbazar, Ktm., Nepal
☎ 01-4260025
Hurry up ! Call Now or Never.....

**• सम्पादकीय •**




**प्रेस स्वतन्त्रताविरोधी गतिविधिहरुविरुद्ध नेपाली सञ्चार जगत्ले छेडेको प्रेस स्वतन्त्रताको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै यो अंकको सम्पादकीय खाली राखिएको छ।**

**– सम्पादक**

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

# वर्षले गुमाएका व्यक्ति

*सन् २००८ मा विश्वभर उमेर पुगेर वा अकालमा करोडौं मानिसले संसार छाडे। तीमध्ये केहीको मृत्युलाई संसारभरका सञ्चारमाध्यमले एकसाथ समाचार सम्प्रेषण गरे।*

### डी एम दासानायके

गत वर्ष जनवरी ८ मा तामिल टाइगर्स विद्रोहीले बिच्छ्याएको धरापमा परी श्रीलंकाली निर्माणमन्त्री डी एम दासानायकेको मृत्यु भयो। छुट्टै राष्ट्रको माग गरी श्रीलंका सरकारसँग युद्ध गरिरहेका तमिलहरूले हत्या गरेका यी सबैभन्दा शक्तिशाली मन्त्री थिए। दासा नायके तमिल टाइगरका विरोधी तथा चर्चित राजनैतिक विचारक थिए।

### सर एडमन्ड हिलारी

गत वर्ष जनवरी ११ मा सर्वोच्च शिखर सगरमाथाका प्रथम आरोही सर एडमन्ड हिलारीको ८८ वर्षको उमेरमा निधन भयो। सन् १९५३ मे २९ मा हिलारीले हिमाल आरोहण गरेका थिए। हिमाल आरोहण गर्दा उनको उमेर ३४ वर्ष थियो। उनले सर्वोच्च शिखर सगरमाथाको विश्वभर प्रचार गरे। उनले नेपालमा २७ वटा विद्यालय निर्माण गरेका थिए। यसका लागि उनले सय डरलको नोटमा आफ्नो हस्ताक्षर गरी त्यसलाई लिलामीमा बेचेका थिए। हिलारीले ३१ वटा पुस्तक पनि लेखेका छन्। हिलारी सगरमाथाबाहेक मानवबस्ती नभएका उत्तरी ध्रुव अन्टार्टिका तथा दक्षिणी ध्रुवको पनि भ्रमण गरेर मानवविहीन स्थानमा विरलै पुग्ने मानिसको रेकर्ड पनि बनाएका छन्। न्युजिल्यान्डमा जन्मिएका हिलारीको सम्मानमा उक्त देशको ५ डलरको नोटमा तस्बिर पनि छापिएको छ।

### सुहार्तो

गत वर्ष जनवरी २८ मा इन्डोनेसियाका पूर्वराष्ट्रपति तथा तानाशाह सुहार्तोको ८६ वर्षको उमेरमा निधन भयो। सन् १९६६ मा भएको सैन्य विद्रोहपछि उनी सत्तासीन भएका थिए। उनले आफ्नो शासनकालमा ५ लाख कम्युनिस्टलाई मारेको आरोप लागेको थियो। सन् १९९७ मा मौद्रिक संकट बेहोर्न थालेपछि इन्डोनेसियाका जनता विरोधमा सडक तताए। सडक आन्दोलन सशक्त बन्दै गएपछि सुहार्तोले सत्ता छाड्नुपरेको थियो। करिब ३० वर्ष लामो शासनमा उनले गरेको नरसंहारको विषयमा अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चल्दै थियो।

### महेश योगी

नेदरल्यान्डमा बसोबास गर्ने भारतीय महर्षि महेश योगीको गत वर्ष फेब्रुअरी ८ मा ९१ वर्षको उमेरमा निधन भयो। उनले ३५ वर्ष विश्वभर योगको प्रचार गरेका थिए। महेश योगी अध्यात्ममा लाग्नुअघि चर्चित चिकित्सक थिए। चिकित्सा विज्ञानले संसारको रोग निको पार्न सक्दैन भन्ने विश्लेषण गरेपछि उनी अध्यात्म तथा योगको प्रचारमा लागेका थिए। चर्चित गायक बिटल्स उनका शिष्य भएपछि योगीको प्रचार विश्वभर फैलिएको थियो। महेश योगीको मार्ग पहिल्याउने भक्तजनको संख्या करिब ५० लाख भएको अनुमान गरिन्छ।

### माडो माह्नसार

म्यानमारको सबैभन्दा ठूलो विद्रोही समूह कारेन नेसनल युनियन (के.एन.यु) का महासचिव माडो मह्न सारको गत वर्ष फेब्रुअरी १५ मा हत्या भयो। म्यानमारको सैनिक सरकारले उनको हत्या गरेको आशंका गरे पनि त्यसको पुष्टि हुन सकेको छैन। सारलाई थाइल्यान्डको सीमावर्ती सहर माएलामा गोली हानिएको थियो। के एन युको सैन्य दस्ताले ६० वर्षदेखि म्यानमारको सैनिक सरकार विरुद्ध संघर्ष गर्दै आएको छ।

### जयराज फरनान्डोपुल्ले

श्रीलंकाको राजधानी कोलम्बोनजिक उक्त देशका यातायात मन्त्री जयराज फरनान्डोपुल्लेलाई गत अप्रिल ७ मा बम बिस्फोटमा मृत्यु भयो। उनीसँगै १३ जनाको हत्या भयो। उक्त घटनामा १ सय १३ व्यक्ति घाइते भए। जयराज कट्टरपन्थी तमिल टाइगरका प्रखर विरोधी भएकाले उनको हत्या गरिएको तमिल टाइगर्सले स्वीकार गरेको छ।

### इभो पुकानिक

क्रोएसियामा खोज पत्रकारिता प्रारम्भ गर्ने अखबार मालिक इभो पुकानिकको गत जुलाईमा हत्या भयो। क्रोयोसियामा 'क्रोयोसियन नेसियोनल' नामक चर्चित अखबार सञ्चालन गरेयता दुई पटक उनको हत्याको प्रयास भैसकेको थियो।

उनको हत्या कारमा फिट गरिएको बमलाई रिमोट कन्ट्रोलका सहायताले विस्फोट गराएर भएको थियो। इभोसँगै पत्रिका बजार व्यवस्थापकको पनि मृत्यु भयो। सन् १९९५ मा प्रकाशन सुरु भएको उक्त पत्रिका प्रकाशनकालदेखि नै एक नम्बरमा रहँदै आएको थियो।

# सांस्कृतिक फ्युजनमा नयाँ वर्ष

- 'यो हाम्रो संस्कृति होइन भन्ने ब्यानरसहित कति बेला कसले जुलुस निकालेर तोडफोड हुने हो, टुङ्गो नभएको यो बेला नयाँ वर्षको रमाइलो खल्लो होलाजस्तो छ,' यस्तै भने वुम इन्टरनेसनल बिजुलीबजारका युवा व्यवसायी सुवोध आचार्यले।
- 'नयाँ वर्षको पूर्वसन्ध्यामा एक-अर्कालाई बधाई दिन चाहने युवा-युवतीलाई नचाउन म तयार छु, तर रात्रि मनोरञ्जन नै ओरालो लागिरहेको अहिलेको अवस्थामा 'न्यू इयर इभ पार्टी' होला र ?' यो प्रश्न डिजे तेन्जिङको हो।
- 'शान्ति-सुरक्षाका नाममा सरकारले रात्रि मनोरञ्जनलाई तारो बनाइरहेको अहिलेको अवस्थामा आफ्ना इष्टमित्रलाई 'ह्याप्पी न्यू इयर' भन्ने मुडमा हुनुहुन्छ भने आफ्नो मोबाइललाई माध्यम बनाए हुन्छ। गेट टुगेदर गर्ने योजना रद्द गर्नुहोस्।' आफ्नो नाम उल्लेख नगर्ने शर्तमा दरबारमार्गमा सुरक्षाका लागि खटिएका एक प्रहरीले यसै भने।






धेरैजसो परम्परावादीहरू विश्वव्यापी रूपमा प्रचलित इस्वी संवत्को नयाँ वर्षलाई नेपालीहरूको संस्कार होइन भन्छन् तर सूचना प्रविधिले साँघुरो बनाएको विश्वमा देखा परेको 'ग्लोबल कल्चर' का कारण नेपाली युवाहरू विक्रम संवत्को तुलनामा इस्वी संवत्को नयाँ वर्षमा बढी रमाउने गरेका छन्। यो हेक्का राख्ने हो भने हामी नेपालीहरू शेष विश्वसँग हातेमालो गर्न पनि सांस्कृतिक रूपमा फ्युजन हुनैपर्ने अवस्थामा छौं।

एक-अर्काको संस्कृतिलाई सम्मानका साथ आत्मसात् गर्न सक्ने समाज नै उदार र विकसित हुन्छ भन्ने कुराले नेपाली युवाहरूको मन छोए पनि सरकार सम्भवतः यो कुरा मान्न तयार छैन। सरकारको नजरमा रात्रि मनोरञ्जन भनेको वेश्यावृत्तिको बहाना हो र पार्टी गर्नु वा गेट टुगेदरमा सहभागी हुनु भनेको बुर्जुवा जीवनशैली अंगीकार गर्नु हो, जसका लागि नेपाली समाज तयार छैन।

यी र यस्तै मान्यताका कारण अहिले नेपालका केही ठूला सहरसहित राजधानी काठमाडौंको रात्रिजीवन तहसनहस भएका बेला नयाँ वर्षको पूर्वसन्ध्यामा रमाइलो जमघट हुन सक्छ भन्ने कुरामा धेरै मानिसको मनमा सन्देह देखा परेको छ। खासगरी राजधानी काठमाडौंका रेस्टुराँ, बार, डिस्कोथेकहरू सरकारको निगरानीमा रहेको अहिलेको अवस्थामा घरबाहिर निस्केर नयाँ वर्षको रमझममा हराउने कल्पना गर्नु पनि अपराधको दायरामा पर्न सक्छ। सायद यसै कारणले यो बेला नयाँ वर्षको रमझम गराउने कतिपय होटल, रेस्टुराँले आफ्ना कार्यक्रमहरू सार्वजनिक गर्ने हिम्मत गर्न सकेका छैनन्।

कतै हामी सांस्कृतिक चेतनालाई थाँति राखेर उल्टो हिंड्ने प्रयास त गरिरहेका छैनौं ? समाजशास्त्रीहरू भन्छन्- 'सांस्कृतिक फ्युजनले नै हामीलाई एक-अर्काको नजिक ल्याउँछ। अर्काको संस्कृतिको सम्मान गर्न सकिँदैन भने आफ्नो संस्कृतिको मर्यादा पनि बचाउन सकिँदैन।

सांकृतिक रूपमा फ्युजन भएको समाजमा नै एक-अर्काको सम्मान गर्न सक्ने नयाँ पुस्ता देखा पर्छ। त्यस्तो पुस्ताले बनाएको मुलुक अमेरिका, क्यानाडा, अस्ट्रेलिया, सिंगापुरको उदाहरण हेर्ने हो भने सांस्कृतिक रूपमा अनुदारवादी समाजको पछौटेपनको कारण केलाइरहनुपर्दैन, तसर्थ २१ औं शताब्दीको खुला तथा उदार समाजसँग हातेमालो गरेर आर्थिक तथा सामाजिक विकासलाई पछ्याउने चाहना राख्ने हो भने सरकार एवं राजनैतिक दलहरूले आफ्नो संकीर्णताको घेरा तोड्ने साहस देखाउँदै युवा पुस्ताको भावनाको कदर गर्न सक्नुपर्छ।



नववर्षको पूर्व सन्ध्यामा धरान तथा विराटनगरमा यसै साता भएको एक डान्स पार्टीमा रमाउँदै।

# संसारका धनी व्यक्तिहरू

अमेरिकाबाट प्रकाशित हुने फोर्ब्स म्यागजिनले प्रत्येक वर्ष विश्वका धनी व्यक्तिहरूको सूची प्रकाशित गर्छ। सधैंका वर्षहरूजस्तो यस पटक माइक्रोसफ्ट कम्पनीका मालिक बिल गेट्स अग्रपंक्तिमा रहन सकेनन्। १३ वर्षपश्चात् उनी सूचीमा तेस्रो स्थानमा झरे। यो वर्ष वारेन बफेट संसारको सबैभन्दा धनी व्यक्ति भए।



## वारेन बफेट

७७ वर्षीय वारेन बफेट अमेरिकी हुन्। बफेटको कुल सम्पत्ति ६२ अर्ब डलर बराबर छ। गत वर्ष उनको सम्पत्ति ५२ अर्ब डलर थियो। यो वर्ष आफ्नो कम्पनीको सेयर मूल्यमा २५ प्रतिशत वृद्धि भएकाले उनी पहिलो नम्बरमा परेका हुन्। अमेरिकाको नेब्रास्कामा जन्मिएका बफेटले सानो छँदा अखबार बेच्ने हकरको काम पनि गरेका थिए। उनले १३ वर्षको उमेरमै साइकलका लागि सरकारलाई कर तिरेका थिए। उनले युनिभर्सिटी अफ नेब्रास्काबाट आर्ट्स र साइन्समा स्नातक तथा कोलम्बिया युनिभर्सिटीबाट साइन्समा स्नातक गरेका छन्। बफेटले सेयर, बैंकिङ तथा बिमा क्षेत्रमा लगानी गरेर यत्रो सम्पत्ति हासिल गरेका हुन्। उनको सेयर अमेरिकन एक्सप्रेस, कोकाकोला, जिलेटजस्ता प्रमुख कम्पनीहरूमा छ। बफेट बिमा कम्पनीको प्रमुखसमेत हुन्।

## कार्लोस सिलम हेलु



मेक्सिकोका ६८ वर्षीय कार्लोस सिलम हेलु सूचीमा दोस्रो स्थानान छन्। हेलु मुख्यतः दूरसञ्चार व्यवसायी हुन्। उनको यो व्यापारले मेक्सिको र ल्याटिन अमेरिकामा प्रभुत्व नै जमाएको छ। यसबाहेक उनी खुद्रा व्यापार, बैंकिङ तथा बिमासम्बन्धी कारोबार पनि गर्छन्। उनको कुल सम्पत्ति ६० अर्ब डलर छ। उनका ६ सन्तान छन्। हेलुले सन् १९९० मा दूरसञ्चारको कारोबार प्रारम्भ गरेका हुन्। उनले त्यतिखेर फिक्स्ड लाइनको टेलिफोन वितरण गर्ने टेलमेक्स नामक कम्पनी स्थापना गरेका थिए। त्यसै वर्षको डिसेम्बरमा अमेरिका मोबिल नामक कम्पनीले सम्पूर्ण ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रमा वायरलेस टेलिफोन वितरण गर्न प्रस्ताव गर्‍यो। उनले प्रस्तावमा सहमति जनाएर काम सुरु गरे। त्यसकै प्रतिफल उनको सम्पत्तिमा वृद्धि भैरहेको छ।

## बिल गेट्स



५२ वर्षीय अमेरिकी नागरिक बिल गेट्सको सम्पत्ति ५८ अर्ब डलर बराबर छ। उनी तीन सन्तानका पिता हुन्। बिलले हार्वर्ड विश्वविद्यालयमा अध्ययन गर्दागर्दै सफ्टवेयरको व्यापारमा लागेर पढाइ छोडेका थिए। सफ्टवेयरको सानो व्यापारबाट प्रारम्भ भएको उनको व्यवसाय अहिले विश्वव्यापी भएको छ। उनको माइक्रोसफ्ट कम्पनीद्वारा उत्पादित अपरेटिङ सिस्टमद्वारा अहिले विश्वका ९४ प्रतिशत कम्प्युटर सञ्चालित छन्। आफू र श्रीमती मेलिन्डा गेट्सको नाममा उनले बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसन स्थापना गरेका छन्। यसैको सम्मानस्वरूप विश्वप्रसिद्ध टाइम पत्रिकाले सन् २००५ को वर्ष पुरुषका रूपमा बिल र उनको संस्थालाई कदर गरेको थियो।

## लक्ष्मी मित्तल



भारतको राजस्थानमा जन्मिएका ५७ वर्षीय लक्ष्मी निवास मित्तल हाल लन्डनको किङ्स्टनमा बस्छन्। उनको कुल सम्पत्ति ४५ अर्ब डलर छ। भारतको स्वतन्त्रताभन्दा अगाडिको समयमा उनको बुवाले सम्पूर्ण परिवारलाई कलकत्ता लगे। त्यहाँ उनको बुवाले एउटा स्टिल कम्पनीमा साझेदार बनेर काम गरे। कलकत्ताकै सेन्ट जेभियर्स कलेजबाट मित्तलले सन् १९६९ मा कमर्समा स्नातक गरे। त्यसपछि उनले आफ्नो बुबासँगै स्टिलको व्यापार गर्न थाले, तर सन् १९९४ मा आफ्नो बुबा र दाजुसँग खटपट भएपछि उनले स्वतन्त्र रूपमा आफ्नो व्यापार सञ्चालन गर्न थाले। पछि उनले लन्डनमा आफ्नो कम्पनीलाई स्थापित गरे। हाल उनको आर्सलरमित्तल नामक स्टिल कम्पनी छ। संसारकै स्टिलमध्ये १० प्रतिशत कच्चा स्टिल यही कम्पनीबाट उत्पादित हुन्छ।

## मुकेश अम्बानी



५० वर्षीय मुकेश अम्बानी भारतिय नागरिक हुन्। उनको कुल सम्पत्ति ४३ अर्ब डलर छ। उनले युनिभर्सिटी अफ बम्बईबाट केमिकल इन्जिनियरिङमा स्नातक तथा स्टयान्फोर्ड युनिभर्सिटीबाट बिजनेस एड्मिनिस्ट्रेसनमा स्नातकोत्तर गरेका छन्। मुकेश अम्बानीको आम्दानीको स्रोत पेट्रोकेमिकल्स हो। गत वर्षभन्दा यो वर्ष उनको सम्पत्तिमा लगभग २३ अर्ब डलरले वृद्धि भयो।

## अनिल अम्बानी

४८ वर्षीय अनिल अम्बानी मुकेशका भाइ हुन्। उनको कुल सम्पत्ति ४२ अर्ब डलर छ। अनिलले युनिभर्सिटी अफ बम्बईबाट आर्ट्स र साइन्समा स्नातक तथा युनिभर्सिटी अफ पेन्सिल्भिनियाबाट बिजनेस एडमिनिस्ट्रेसनमा स्नातकोत्तर गरेका छन्। उनको रिलायन्स कम्युनिकेसन नामक कम्पनी छ। गत वर्षभन्दा उनको



सम्पत्तिमा २३ दशमलव ८ अर्ब डलरले वृद्धि भएको छ। अनिल यो वर्ष संसारमै सबैभन्दा बढी सम्पत्ति वृद्धि हुने व्यक्ति बन्न सफल भएका छन्।

## इङभार काम्प्राड

८१ वर्षीय काम्प्राड स्वीडेनका उद्योगपति हुन्। उनका चार सन्तान छन् र उनको कुल सम्पत्ति ३१ अर्ब डलर छ। काम्प्राडको आम्दानीको प्रमुख स्रोत खुद्रा व्यापार नै हो। उनले आफ्नो र आफ्नो जन्मस्थानको सुरुका अक्षरहरूबाट आईकेईए नामक कम्पनी खोलेका छन्। यो कम्पनी स्थापना गर्दा उनी मात्र १७ वर्षका थिए। सुरुमा उनी साइकलमा बोकेर सलाई बेच्ने काम गर्थे। त्यसपछि काम्प्राडले माछा, क्रिसमस ट्रीको सजावट तथा बल पेन र पेन्सिलसमेत बेचे। उनी सन् १९७६ देखि स्वीट्जरल्यान्डको एपालिन्जस्थित निवासमा बस्छन्। अहिले संसारका ४० भन्दा बढी राष्ट्रमा उनको कम्पनी आईकेईएका आउटलेट छन्। युनिभर्सिटी अफ किएलले काम्प्राडलाई ग्लोबल इकोनोमी प्राइजले सम्मानित गरेको छ।

## केपी सिंह



७६ वर्षीय केपी सिंह भारतीय नागरिक हुन्। उनको कुल सम्पत्ति ३० अर्ब डलर छ। उनी भारतको दिल्लीमा बसोबास गर्छन्। उनको डीएलएफ नामक रियल स्टेट कम्पनी छ। यो वर्ष उनको सम्पत्ति एकैपटक तेब्बर भयो। गत वर्ष सिंहको सम्पत्ति १० अर्ब डलर मात्र थियो। उनी पूर्व आर्मी अफिसर हुन्। सन् १९६१ मा केपीले आफ्ना ससुराको दिल्ली ल्यान्ड फाइनान्स कम्पनीवाट काम सुरु गरेका थिए। पछि गुडगाउँमा जमिन किनेर उनले डीएलएफ कम्पनी खोलेका हुन्।

## ओलेग डेरिपास्का

४० वर्षीय ओलेग डेरिपास्का रूसी व्यापारी हुन्। उनले मस्को



स्टेट युनिभर्सिटी र प्लेखानोभ एकेडेमी अफ इकोनोमिक्सवाट उच्च शिक्षा हासिल गरेका छन्। ओलेगको रसियन एल्मुनियम नामक कम्पनी छ। उनको आम्दानीको प्रमुख स्रोत यही कम्पनी हो। यसबाहेक जीएजेड नामक अटोमोबाइल निर्माण कम्पनी, एभिएकर नामक विमान निर्माण कम्पनी र इंगोस्ट्राख नामक बिमा कम्पनी पनि उनकै स्वामित्वमा छन्। डेरीपास्काले रूसका पूर्वराष्ट्रपति बोरिस यल्तसिनकी नातेदारसँग विवाह गरेका छन्।

## कार्ल अल्ब्रेच्ट

८८ वर्षीय कार्ल अल्ब्रेच्ट जर्मन नागरिक हुन्। उनको कुल सम्पत्ति २७ अर्ब डलर छ। उनको सफलताको



कथा दोस्रो विश्वयुद्धपश्चात् सुरु हुन्छ। त्यतिखेर उनकी आमाको कर्नर ग्रोसरी स्टोर नामक पसल थियो। कार्ल र उनका भाइ थियोले यसलाई छुट मूल्यमा सामान पाइने सुपर मार्केटका रूपमा विकास गरे। यसको नाम अल्डी राखियो। अहिले अल्डीका ८ हजारभन्दा बढी आउटलेट छन्। यी सबैबाट ६७ अर्ब डलरभन्दा बढी मूल्यका सामान बिक्री हुन्छन्।

## सूचीको रोचकता

१३ अंकलाई अशुभ मान्नेहरू संसारमा प्रशस्तै छन्। यो मान्यता बिल गेट्समा पनि लागू भयो। लगातार १३ वर्षसम्म विश्वको सबैभन्दा धनी व्यक्तिको सूचीमा रहेका बिल गेट्स यो वर्ष तेस्रो स्थानमा झरे। यो वर्ष यो सम्मानको पगरी कुनै बेला गेट्सकै सहकर्मी वारेन बफेटले पाएका छन्।

बिल गेट्सको सम्पत्ति गत वर्षको तुलनामा २ अर्ब डलर बढेको छ, तर पनि उनी तेस्रो स्थानमा रहे। फोर्ब्सले यो सूची सन् २००८ को फेब्रुअरीमा निकालेको हो। फोर्ब्सले सूची निकाल्दा फेब्रुअरी ११ सम्मको स्टक मूल्यलाई आधार मानेको थियो। यो बीचको समयमा माइक्रोसफ्टको सेयर मूल्यमा १५ प्रतिशतले कमी आएको थियो। यसका कारण पनि बिल गेट्सलाई असर पुगेको हो।

फोर्ब्सले यस प्रकारको सूची निकाल्न थालेको २२ वर्ष पुग्यो। २२ वर्षको अवधिमा यस पटकको सूची निकै रोचक छ। २ वर्षअघि संसारका टप टेन धनी व्यक्तिको सूचीमा आधा अमेरिकी मात्र थिए, तर यो वर्ष यो सूचीमा चार जना मात्र अमेरिकी छन्। यो वर्ष भारतका अरबपतिहरूले उल्लेख्य प्रगति गरेका छन्। दसौं नम्बर सम्मको सूचीमा चार जना भारतिय छन्।

त्यसैगरी यो वर्ष नै अरबपतिहरूको सूचीले ४ डिजिटको अंक छोएको छ। अरबपतिहरूको संख्या यो वर्ष १ हजार १ सय २५ पुग्यो। यी सबैको सम्पत्तिको मूल्य ४ दशमलव ४ ट्रिलियन हुन्छ। यो गत वर्षभन्दा ९ खरब डलर बढी हो। सबै अरबपतिको सम्पत्तिमध्ये अमेरिकी अरबपतिहरूको सम्पत्ति ४२ प्रतिशत छ। यो वर्ष रूसका अरबपतिहरूको संख्या दोस्रो स्थानमा छ। सूचीमा रूसका ८७ अरबपति छन्। त्यसैगरी तेस्रो नम्बरमा जर्मनीका अरबपति छन् र उनीहरूको संख्या ५९ छ।

सूचीमा २ सय २६ जना नयाँ अनुहारले प्रवेश पाएका छन्। तीमध्ये ७७ जना अमेरिकी छन्। त्यसपछिका नयाँ अनुहारमा क्रमशः रूस, चीन र भारतका छन्। उनीहरूको संख्या क्रमश ३५, २८ र १९ छ। यो वर्ष दुई जना काला जातिका अफ्रिकी नागरिक पनि परेका छन्। उनीहरू दक्षिण अफ्रिकाका प्याट्रिस मोट्सेप र नाइजेरियाका अलिको ड्यानगोट हुन्। मोट्सेप ५ सय ३ औं नम्बरमा र ड्यानगोट ३ सय ३४ औं नम्बरमा छन्। यसबाहेक यो वर्ष युवा अरबपतिहरूको वर्ष पनि रहयो। सूचीमा ४० वर्षभन्दा मुनिका ५० जना छन्। तीमध्ये २५ जना नयाँ अनुहार हुन्।

यी सबै हुँदाहुँदै पनि कतिपयका लागि यो वर्ष निराशाजनक रहयो। उनीहरूको सूचीमा फेरबदल मात्र भएन, गहिरो धक्कासमेत लाग्यो। तीमध्ये हडकडका ब्यापारी लिका सिङ उल्लेखनीय छन्। उनी गत वर्ष सूचीको टपटेन लिस्टमै थिए, तर यो वर्ष उनी यो सूचीबाट हटेका छन्। उनको सम्पत्तिमा साढे ५ अरब डलरको ह्रास आयो। त्यसैगरी चीनका सबैभन्दा धनी व्यक्तिको सूचीमा रहेका याङ हुइयानको सम्पत्ति पनि १७ दशमलव ३ अरब डलरबाट ७ दशमलव ४ अरब पुग्यो। गुगलका सहसंस्थापक सर्गेइ ब्रिनको सम्पत्तिमा पनि कमी आयो।

# वर्षका अफबिट समाचार



## प्रथम महिलाको नाङ्गो तस्बिर

फ्रेन्च राष्ट्रपति निकोलास सार्कोजीकी पत्नी सुपर मोडल ब्रुनी कार्लाको नांगो तस्बिर लिएको आरोपमा फ्रान्सेली राष्ट्रपति सार्कोजीले एक फेसन डिजाइनर विरुद्ध मुद्दा हालेका छन्। पार्डोन नामको एक फ्रेन्च कपडा कम्पनीले चोरेर प्रयोग गरेको उक्त नग्न तस्बिर राखेर उक्त कम्पनीले १० हजारवटा सपिङ ब्याग उत्पादन गरेको थियो। सन् १९९३ मा खिचिएको उक्त तस्बिरले वैवाहिक तथा नैतिक मूल्यमाथि प्रहार गरेको भन्दै सार्कोजीले १ लाख २५ हजार युरो क्षतिपूर्तिसहित सजायको माग गर्दै मुद्दा हालेका हुन्।

## ककटेल ग्लास फाल्दा श्रीमानको मृत्यु

नेवार्ककी एक ७६ वर्षीया महिला मार्लेन म्याकन्जीले आफैले पिइरहेको ककटेलको ग्लास टाउकोमा फाल्दा श्रीमान्को तत्कालै मृत्यु भयो। ८० वर्षीया रोबर्टको टाउकोमा ग्लास लागेपछि उनी ढलेका थिए। मार्ने उद्देश्यले नहाने पनि यो घटनाबाट श्रीमती मार्लेन श्रीमान्को हत्यारा बन्न पुगिन्।

## बिलावलको सुरक्षामा १३ करोड



पाकिस्तानमा हत्या गरिएकी पूर्व-प्रधानमन्त्री बेनजिर भुट्टोका छोरा बिलावलको सुरक्षामा प्रतिवर्ष १० लाख पाउण्ड (करिब १३ लाख नेपाली रुपैयाँ) खर्च गरिने समाचारले यो वर्ष सञ्चारमाध्यममा विशेष चर्चा पायो। हाल बेलायतस्थित अक्सफोर्ड विश्वविद्यालयमा अध्ययनरत बिलावलको चौबीसै घन्टा सुरक्षा दिन स्कटल्याण्ड यार्डले यो सुरक्षाभार बेहोर्नेछ। सन्डे एक्सप्रेसका अनुसार बेनजिरको हत्या भएपछि पाकिस्तान पिपुल्स पार्टीको अध्यक्ष बनेका बिलावललाई आतंककारी समूहले निशाना बनाउन सक्ने सम्भावनालाई मध्यनजर गरेर यो व्यवस्था गरिएको हो।

## सार्कोजी र कार्ला ब्रुनीको विवाह

फेब्रअरी २ तारिखका दिन फ्रान्सेली राष्ट्रपति निकोलस सार्कोजीले आफ्नी प्रेमिका सुपरमोडल कार्ला ब्रुनीसँग लगनगाँठो कसे। तेस्रो विवाह गरेका सार्कोजीले राष्ट्रपति रहेकै बेला विवाह गरेपछि यो फ्रान्सको पहिलो घटना बन्यो। दोस्रो पत्नी सेसेलियासँग सम्बन्ध विच्छेद गरेको चार महिनापछि राष्ट्रपति महोदयले इटलीमा जन्मिएकी कार्ला ब्रुनीलाई अँगालेका हुन्। ५३ वर्षीय सार्कोजी र ४० वर्षीया कार्लाले गोप्य अनि सामान्य वैवाहिक विधि अपनाएका थिए। फ्रान्सका पूर्व-प्रधानमन्त्रीसँग पनि सम्बन्ध राखेकी कार्लाको नाम अन्य दुईजना चर्चित व्यक्तित्वसँग पनि जोडिएको थियो।

## विमानमा निर्वस्त्र यात्रा

जर्मनीको एक ट्राभल संस्थाले जुलाइमा जर्मनीस्थित एरफर्टदेखि युजडसम्मको हवाई यात्रामा नाङ्गा यात्रुलाई मात्र चढ्न आग्रह गरेको थियो। निर्वस्त्र हवाई यात्राको सान्दर्भिकताका बारेमा एक जर्मनी नागरिकले भने, स्वतन्त्रताको अनुभूति गराउन न्युडिज्म अर्थात् नाङ्गिने अवधारणा अघि सारिएको हो। १० मिनेटका लागि हुने उक्त हवाई यात्राका लागि ४ सय ९९ डलर शुल्क निर्धारण गरिएको थियो तर निर्वस्त्र हवाई यात्राको विषयमा धेरैले आलोचना गरेपछि नैतिकताको कारण देखाउँदै यो कार्यक्रम स्थगित गरियो।

## हराएको बिरालो १३ वर्षपछि भेटियो

१३ वर्षपछि आफ्नो पुरानो घरसाथी बिरालो भेटिएपछि सान्टारोजाका एक दम्पती आश्चर्यचकित भए। लगभग बिर्सिसकेको बिरालो जर्जको पुनरागमनले उनीहरूलाई जर्जसँगका पुराना पललाई सम्झाइदिएको छ। सन् १९९५ मा मेलिन्दा मर्मन तथा फ्रान्क वालबर्गमा अन्तिम पटक देखिएको जर्जलाई जनावरको अस्पतालमा एक व्यक्तिले ल्याइदिएपछि उसका मालिकका बारेमा अनुसन्धान गरिएको थियो। जर्जको शरीरमा जडित माइक्रोचिप्सको सहायताले मालिक पत्ता लागेको थियो। जर्ज हराएपछि उनका मालिकले जनावर संरक्षण केन्द्रमा गएर खैरो शारीरिक बनावट तथा पहेंलो आँखा भएको जर्जको खोजीका निम्ति आवेदन दिएका थिए। पहिले भन्दा १४ पाउन्ड तौल कम भएको जर्जले अहिले राम्रैसँग खाना खाइरहेको मालिकले बताएका छन्। जर्जले आफ्ना पुराना बानी-व्यवहार अझै नबिर्सिएकोमा ती दम्पती खुसीले उद्वेलित भएका छन्।

## १२ सय माइल हिंडेर कुकुर फर्कियो

सिकागोको एउटा कुकुर १२ सय माइलको यात्रा गरेपछि घर फर्किएको छ। कुकुर मालिक रिचार्ड गोन्जालेजको आफ्नो सानो कुकुर अचानक हराएपछि प्रहरीलाई खबर गरेका थिए तर कुकुरको अवस्था कस्तो छ भन्ने कुरा लामो समयसम्म पनि पत्ता लागेन। कुकुर मालिक रिचार्डकी छोरीको बगैंचाबाट हराएको उक्त कुकुरलाई छोरीले आफ्नो घरमा रहेको कुकुरको साथीका निम्ति बुबाको घरबाट ल्याएकी थिइन्। दौडेर जाँदा पनि अलि पर पुगेर फर्कने आफ्नो कुकुरले यति लामो यात्रा गरेको थाहा पाएपछि कुकुर मालिक पनि आश्चर्यमा परे। कसैले चोरेर लग्यो भन्ने विश्वासमा रहेका मालिकलाई सिकागोको सिमानामा जनावर नियन्त्रकहरूले पत्ता लगाएर जिम्मा लगाएपछि उनी औधि खुसी भएका थिए। कुकुरको शरीरमा माइक्रोचिप्स राखिएकाले उसको स्थिति पत्ता लगाउन सजिलो भएको थियो।

## लादेनका छोरा शान्तिदूत

अलकायदा सञ्जालका नाइके ओसामा बिन लादेनका छोरा ओमार ओसामा बिन लादेनले शान्ति कार्यकर्ताका रूपमा काम गर्न चाहेको बताएर सञ्चारमाध्यमको ध्यान आकृष्ट गरे। अमेरिकाद्वारा सर्वाधिक खोजी गरिएका ओसामाका २६ वर्षीय छोरा ओमारले आफू बाबुको मार्गमा चल्न नसक्ने भएकाले शान्तिदूत बनेर काम गर्ने चाहना राखेको उल्लेख गरे। ओसामाका १९ औं छोरा ओमारले इस्लाम धर्मको रक्षा विद्रोह र हिंसाबाट होइन, शान्तिपूर्ण तरिकाले गर्न सकिन्छ भन्ने निष्कर्ष निकालेर मुस्लिम र पश्चिमी समाजबीच सेतु भएर काम गर्न शान्तिदूत बन्ने निर्णय गरेको बताएका छन्।

## मर्लिन मुनरोका तस्बिर लिलाम



मार्लिन मुनरोका अन्तिम तस्बिरमध्ये एउटा तस्बिर १ लाख ४६ हजार ५ सय डलरमा लिलाम भएको छ। अन्तिम बसाइ शीर्षकमा बर्ट स्टेमले खिचेको यो तस्बिर भोग पत्रिकाका लागि सन् १९६२ मा खिचिएको थियो जुन वर्ष उनले देहत्याग गरेकी थिइन्। मुनरोको कालजयी जादूमय दृष्टि भएको उक्त तस्बिरलाई क्रिस्टीको फोटोग्राफसम्बन्धी अन्तर्राष्ट्रिय विभागले लिलाम गरेको थियो।

## जेलका कैदीले समलिंगीको विवाह गर्न पाउनुपर्ने

क्यालिफोर्निया राज्यले समलिङ्गी विवाहलाई मान्यता दिएकाले जेलमा बस्ने कैदीहरूले पनि त्यो सुविधा उपयोग गर्न पाउनुपर्ने माग उठेको छ। गएको मध्यजुनमा त्यहाँको सुप्रिम कोर्टले समलिंगी विवाहलाई मान्यता दिएपछि ३३ कैदीले यो माग राखेका हुन्। उनीहरूको पक्षमा सक्रिय वकिल माइकल केनले अदालतले दिएको अधिकार जेलमा बस्नेका निम्ति पनि लागू हुनुपर्ने बताएकी छिन्।

## जोहान्सनले प्रयोग गरेको रुमाल

कामुक नायिका स्कारलेट जोहान्सनले प्रयोग गरेको रुमाललाई एक च्यारिटीका निम्ति लिलाममा राखियो। अमेरिकी टेलिभिजन च्यानल युसएटिभीमा प्रसारण भएको 'द टुनाइट सो विथ जे लिनो' को कार्यक्रममा अत्यधिक चिसो भएपछि स्कारलेटले प्रयोग गरेको उक्त रुमाल एनबिसी नामको एक संस्थाले इबे वेबसाइटमार्फत् अक्सनमा राखेको थियो। खाद्यपदार्थ संकलनको उद्देश्य राखेर प्रारम्भ भएको उक्त च्यारिटीको विकासका निम्ति यो अक्सन लाभदायी बनेको संस्थाले जनाएको छ। यसैगरी यो वर्ष ब्रिटनी स्पेयर्सको हेयरक्लिपिङ ७ लाख ७५ हजार डलरमा लिलाम भयो।



## कृत्रिम खुट्टाद्वारा प्रहार



स्टोक्टन प्रहरीका अनुसार ६६ वर्षीय एक वृद्धले चोरीका क्रममा आफ्नो कृत्रिम खुट्टा निकालेर घरधनीको टाउकोमा प्रहार गरे। कृत्रिम खुट्टा लगाएर घरभित्र घुसी उनी त्यही खुट्टा निकालेर घरधनीमाथि प्रहार गर्छन् र चोरी गरेर हिंड्छन्। केही समयअघि उनले एक ६२ वर्षीया महिलाको पर्स खोस्ने क्रममा त्यसरी नै आफ्नो कृत्रिम खुट्टा प्रहार गरेका थिए।

## प्रिन्स ह्यारी अफगानिस्तानमा

बेलायतका राजकुमार 'प्रिन्स ह्यारी' यो वर्ष अफगानिस्तानमा देखिए। वर्षको प्रारम्भमा बेलायती सेनाको क्याम्पमा सैन्य पोसाकमा देखिएका ह्यारी सेनाको साथमा युद्धस्थलमा भेटिएका थिए। पिपुल म्यागजिनका अनुसार तालिबानका विरुद्ध भैरहेको संघर्षमा सरिक हुने क्रममा ह्यारी बेलायती सेनाको अग्रपंक्तिमा रहेर ड्युटी निभाइरहेका थिए। उनी त्यहाँ हाउस होल्ड क्याभर्ली अन्तर्गत ब्लुज एन्ड रोयल रेजिमेन्टमा सेकेन्ड लेफ्टिनेन्टको पदमा १० हप्ता बसेका थिए।

## पेरिस हिल्टनको घरमा चोरी

नायिका तथा गायिका पेरिस हिल्टनको घरमा चोरी भएको समाचार निक्कै चर्चामा रहयो। किसान जस्तो देखिने एक नकावधारी व्यक्तिले उनको घरको अगाडिको ढोका फोरेर बहुमूल्य गरगहना तथा अन्य सामग्री चोरेको थियो। हिल्टन घरमा नभएको अवस्थामा उनको बेडरुममा छिरेर उसले करिब २० लाख डलर बराबरका सामग्री चोरेको पिपुल डटकमले जनाएको छ। समाचार अनुसार जतिबेला हिल्टनको घरमा चोरी हुँदै थियो, त्यसबेला उनी हलिउडस्थित बार डिलक्समा गायक केट पेरी र ब्लगर पेरेज हिल्टनका साथमा थिइन्। यो घटना बिहानको पाँच बजे भएको थियो। भिडियो उपकरण जडित उनको घरमा चोरी भैरहेको दृश्य पछि हेरिएको थियो।

## मस्तिष्कमा खुट्टा

कोलोराडोको एक परिवारमा जन्मिएका शिशुको मस्तिष्कमा खुट्टाको पैताला विकास भएको देखिएपछि मेडिकल इतिहासले यो वर्ष अनौठो घटनाको सामना गर्नुपर्‍यो। तीन दिनको शिशु साम इस्किबेलको मस्तिष्कमा खुट्टाको प्रारम्भिक स्वरूप देखिएको थियो। पेड्रियाटिक ब्रेन सर्जन डा. पौल ग्राबले शिशुको मस्तिष्कमा खुट्टा भएको पत्ता लगाएका थिए। शिशुको अन्य अंगमा पनि हात तथा थाईको स्वरूप देखिएको थियो।

# कृति एवार्डमा प्रिज्माको वर्चस्व

## एवार्ड हासिल गर्नेहरू

| | |
|---|---|
| बेस्ट टीभीसी स्क्रिप्ट राइटर | एड एभिन्युज |
| बेस्ट प्रिन्ट कपि राइटर | प्रिज्मा टिम |
| बेस्ट टीभीसी क्यामेरा पर्सन | एड एभिन्युज |
| बेस्ट प्रिन्ट फोटोग्राफर | बिजनेस एडभान्टेज |
| बेस्ट आउटडोर बिलबोर्ड | प्रिज्मा एडभरटाइजिङ |
| बेस्ट इभेन्ट म्यानेजर | डाइरेक्सन नेपाल |
| बेस्ट टीभीसी एडिटर | एड प्वाइन्ट नेपाल |
| बेस्ट एनिमेटेड टीभीसी | सञ्जीवनी मिडिया |
| बेस्ट जिङ्गल कम्पोजर | बिजनेस एडभान्टेज |
| बेस्ट साउन्ड रेकर्डिस्ट | वेलकम टिम |
| बेस्ट रेडियो स्पट | बिजनेस एडभान्टेज |
| बेस्ट रेडियो जिंगल | म्याक्स प्रो |
| बेस्ट प्रिन्ट आर्ट डाइरेक्टर | प्रिज्मा एडभरटाइजिङ |
| बेस्ट लिरिसिस्ट | प्रिज्मा एडभरटाइजिङ |
| बेस्ट प्रिन्ट एड | म्याक्स प्रो |
| बेस्ट टीभीसी डाइरेक्टर | बिजनेस एडभान्टेज |
| बेस्ट टीभीसी अफ दि इयर | बिजनेस एडभान्टेज |
| बेस्ट कमर्सियल क्याम्पेन | प्रिज्मा एडभरटाइजिङ |
| बेस्ट क्रिएटिभ एजेन्सी | प्रिज्मा एड्भरटाइजिङ |
| बेस्ट पपुलर टीभीसी | वेलकम टिम |



**साप्ताहिक समाचार**

गत शनिबार होटल सोल्टीमा आयोजित भव्य समारोहमा विज्ञापन व्यवसायीहरूले सृजना गरेका उत्कृष्ट विज्ञापनहरूलाई पुरस्कृत गर्दै 'पाँचौं ओरान्जेबुम कृति एवार्ड' सम्पन्न भयो । सिर्जनाको सम्मानार्थ कृति एवार्ड शीर्षकको उक्त कार्यक्रमलाई ८ वटा राष्ट्रिय टेलिभिजन च्यानलले प्रत्यक्ष प्रसारण गरेका थिए । एडभरटाइजिङ एसोसिएसन अफ नेपाल (आन) को आयोजनामा भएको उक्त एवार्ड वितरण समारोहमा विज्ञापन व्यवसायी एवं आमसञ्चार-माध्यमका प्रतिनिधिहरू सरिक थिए ।

साँझ साढे ४ बजे प्रारम्भ भएको कार्यक्रमको प्रारम्भमा सिन्ड्रेला ग्रुपका कलाकारहरूले आकर्षक नृत्य प्रस्तुत गरेका थिए । आगन्तुकहरूलाई पञ्चैबाजा बजाएर स्वागत गरिएको कृति एवार्ड वितरण समारोहमा सिन्ड्रेला ग्रुपका कलाकारले लोकगीतदेखि आधुनिक, पप र हिपहप गीतमा फ्युजन नृत्य देखाएका थिए । २०६० देखि सुरु भएको कृति एवार्डमा यसपटक २० वटा विधामा एवार्ड हस्तान्तरण गरियो । ३१ वटा विज्ञापन एजेन्सीले सहभागिता जनाएको प्रतिस्पर्धामा १९ वटा एजेन्सीका विज्ञापन मनोनयनमा परेका थिए भने ८ वटा एजेन्सीले एवार्ड हात पारेका थिए । यस वर्षको कृति एवार्डमा उत्कृष्ट विज्ञापन एजेन्सीको एवार्डसँगै प्रिज्मा एडभरटाइजिङले सबैभन्दा धेरै ६ वटा विधामा एवार्ड हात पार्‍यो । प्रिज्माले चौथो पटक लगातार उत्कृष्ट विज्ञापन एजेन्सीको एवार्ड हासिल गरेको हो ।

नायक श्रीकृष्ण श्रेष्ठले निर्माण गरेको चलचित्र 'कहाँ भेटिएला' को गीतमा नायक श्रेष्ठ र नायिका श्वेताले नृत्य प्रस्तुत गरेका थिए । त्यसैगरी हास्यकलाकार मनोज गजुरेलले ३० वर्षपछिको नेपाली विज्ञापन बजारका बारेमा व्यंग गरेका थिए । समसामयिक राजनैतिक घटना तथा नेपाली सामाजिक परिवेशलाई पनि उनले व्यंग्यको विषयवस्तु बनाएका थिए । करिब ३ घण्टा चलेको एवार्ड समारोहमा प्रिज्मापछि बिजनेस एडभान्टेजले पाँचवटा एवार्ड हासिल गरेको थियो । त्यसैगरी वेलकम, एड एभिन्युज तथा म्याक्स प्रोले दुई-दुईवटा एवार्ड हात पारे ।

## दौरा-सुरुवाल प्रतिस्पर्धा



नेपाली राष्ट्रिय पोसाक दौरा-सुरुवाल विस्थापित हुँदै गएको महसुस गरेर नेपाल विज्ञापन संघ (आन) ले दौरा-सुरुवाल प्रतिस्पर्धा पनि गराएको थियो । दौरा-सुरुवाल पहिरेर कृति एवार्ड हेर्न आएका आगन्तुकहरूमध्येबाट पाँच जनालाई उत्कृष्ट पहिरनको पुरस्कार प्रदान गरियो । दौरा-सुरुवाल र कोटमा सजिएर आएका थुप्रै सहभागीमध्ये सञ्चारकर्मी केदार कोइराला सर्वोत्कृष्ट बन्न सफल भए । नयाँ डिजाइनको उनको दौरा-सुरुवाल कार्यक्रम अवधिभर चर्चाको विषय बनेको थियो । आनका अध्यक्ष निर्मलराज पौडेलले सञ्चारकर्मी कोइरालालाई आकर्षक पहिरनमा देखिएका व्यक्तित्व भनेर घोषणा गरेका थिए । गुराँसको फूल इम्ब्रोइडरी गरिएको दौरामा फस्नर भएको सुरुवाल लगाएका कोइरालालाई नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले पुरस्कृत गरेका थिए । दौरा-सुरुवाल लगाएर कार्यक्रममा सहभागी भएकामध्येबाट दोस्रो गायक संजय श्रेष्ठ, तेस्रो अनिल बास्कोटा, चौथो कञ्चन शाही र पाँचौं राजेश लम्साल भएका थिए । आनका अध्यक्ष पौडेलका अनुसार- राज्यको उच्च ओहदामा पुगेकाहरूले नै आफ्नो राष्ट्रिय पहिरन बिर्सिएकाले यस प्रकारको प्रतिस्पर्धा गराइएको हो ।



# वर्ष २००८ का कामुक महिला

**अमेरिकी पत्रिका पिपुलले वर्षका सर्वाधिक कामुक पुरुषहरुको छनौट उक्त पत्रिकाका ग्राहक तथा इन्टरनेट प्रयोगकर्ताहरुमार्फत गर्ने गरेको छ। यो वर्ष पनि डिसेम्बरको दोस्रो सातातिर पिपुलले वर्ष २००८ का कामुक पुरुषहरुको वरियताक्रम प्रकाशित गर्‍यो, जसमा ४० वर्षीय ह्युग माइकल ज्याकमेन सर्वाधिक कामुक पुरुष मानिए। त्यसैगरी एफएचएम टेलिभिजनले आफ्नो वेबसाइट एफएचएम डटकममार्फत १ सय जना चर्चित सेलिब्रेटी महिलामध्येबाट सर्वाधिक कामुक महिला छनौट गर्‍यो, जसमा १ करोडभन्दा बढी मत प्राप्त गरी अमेरिकी अभिनेत्री तथा मोडल मेगन डेनाइस फोक्स सर्वाधिक कामुक ठहरिन्।**

## मेगन डेनाइस फोक्स



डेनिमको मिनिस्कर्टमा 'सेक्सी' देखिने मेगनको शरीरमा कुँदिएका छवटा टाटुले उनलाई अझ कामुक देखायो। सन् २००१ को चलचित्र 'होलिडे इन द सन' बाट अभिनय यात्रा प्रारम्भ गरेकी मेगनले सन् १९९९ देखि मोडलिङयात्रा प्रारम्भ गरेकी थिइन्। आकर्षक शरीरकी धनी २२ वर्षीया मेगनको सुन्दरतामा मरिमेट्ने युवकहरू धेरै भएकाले उनी एफएचएमको सर्वेक्षणमा पहिलो नम्बरमा परेको बताइन्छ। मेगनले 'कन्फ्रेसन अफ अ टिनएज ड्रामा क्विन', 'क्राइम्स अफ फेसन', टेलिधारावाहिक 'द हेल्प', 'होप एन्ड द फेथ' आदि चलचित्र तथा टेलिचलचित्रमार्फत आफ्नो सुन्दरता प्रस्तुत गरिसकेकी छिन्। उनी सन् २००७ मा प्रदर्शित सफल चलचित्र 'ट्रान्सफर्मर्स'की नायिका पनि हुन्।

## जेसिका मेरी अल्बा



मात्र १३ वर्षको उमेरमा जेसिका अल्बा चलचित्र 'द सिक्रेट वर्ल्ड अफ एलेक्स'मा देखा परेकी थिइन्। जेसिका अल्बा कामुक पत्रिका प्ले ब्वाइको आवरण पृष्ठकी युवती पनि भइन्। उक्त पत्रिकाको आवरणमा आउनुलाई अमेरिकी महिला सेलिब्रेटीहरू गर्वको विषय मान्छन्। ती नग्न तथा अर्धनग्न तस्विरले उनलाई यति ख्याति दिलाए कि जेसिकाले टिन च्वाइस एवार्ड नै पाइन्। २००३ को 'हनी', २००५का 'सिन सिटी', 'फेन्टास्टिक फोर', 'इन्टु द ब्लु' अनि २००७का 'फेन्टास्टिक फोर : राइज अफ द सिल्भर सफर' र 'गुड लक चक'ले जेसिकालाई निकै चर्चामा ल्याए। ०९मा सार्वजनिक हुने तरखरमा रहेको 'सनसिटी'को सिक्वेलमा उनी अझ कामुक रूपमा देखा पर्ने बताइन्छ।

## हाइडेन लेज्ली पेनेट्टर




यी अमेरिकी अभिनेत्री तथा गायिका मात्र १९ वर्षकी छिन्। डिज्नेको चलचित्र 'रिमेम्बर द टिटन्स'बाट उदाएकी लेज्ली हाल एनबीसीको टेलिभिजन कार्यक्रम 'हिरोज'का कारण चर्चामा छिन्। वास्तविक जीवनमा साहसिला कार्य गर्नेहरूका बारेमा तयार पारिने उक्त कार्यक्रम चर्चाको शिखरमा छ। समाजसेवामा रुचि राख्ने सुन्दर मुहारकी धनी यी अभिनत्रीले यही डिसेम्बर महिनामा एक अस्पतालका पाँच बालबालिकालाई क्रिसमसको सपिङ गराएकी छिन्।

## हिलारी एरहार्ड डफ



हिलारीले भर्खरै आफ्नो पाँचौं गीतिएल्बम बजारमा ल्याइन् भने उनले अभिनय गरेको सोह्रौं चलचित्रको निर्माण सकिएको छ। चलचित्र 'ए सिन्ड्रेला स्टोरी'की सिन्ड्रेला अर्थात् हिलारीको मुहारमै कामुकता झल्कन्छ। उनलाई अमेरिकन अभिनेत्री, गायिका, गीतकार तथा मनोरञ्जनकर्मी जे भन्दा पनि हुन्छ। अमेरिकाका स्थानीय नाटकहरूमा अभिनय गरिसकेपछि हिलारी टेलिभिजन विज्ञापनहरूबाट पर्दामा छाइन्। उनी 'सेपर बाई द डजन', 'द लिज्जी मेक्गुरी मुभी' आदि चलचित्रबाट पनि परिचित छिन्।

## एन्जेलिना जोली भोइट



'मिस्टर एन्ड मिस स्मिथ' होस् वा 'टम्ब राइडर' ३३ वर्षीया एन्जेलिना जोली सबैभन्दा कामुक देखिन्छिन्। एक सर्वेक्षणअनुसार जोली संसारकै सबैभन्दा मिलेको शरीरकी धनी हुन्। रक्सीको बोतलजस्तो मिलेको शरीर, हरिया आँखा नै पर्याप्त छन्, सबैलाई लठ्याउन। दुई जनासँग पारपाचुकेपछि अभिनेता ब्राड पिटसँग वैवाहिक जीवन बिताइरहेकी जोलीले तीन जना धर्मसन्तान पालेकी छिन् भने उनका आफ्नै तीन सन्तान छन्।

## कीले रेबेक्का एम.हेजल



२००७ को आरम्भमा पूर्वप्रेमी लियोड मिलरले उनीहरूबीचको यौनक्रीडालाई इन्टरनेट मार्फत 'सेक्स टेप' भनेर सार्वजनिक गरेपछि अमेरिकी मोडल कीले हेजल चर्चामा आइन्। २००६को मे महिनामा उनीहरूले स्पेनको एक टापुमा बिदा मनाउन जाने क्रममा सम्पर्क राखेका रहेछन्। जसको भिडियो प्रेमसम्बन्ध टुक्रिएपछि मिलरले बदला लिने शैलीमा इन्टरनेटमा सार्वजनिक गरे। १६ वर्षको उमेरदेखि मोडलिङ थालेकी यी २२ वर्षीया मोडलको उक्त भिडियो हालसम्म पनि इन्टरनेटमा उपलब्ध छ। जबकि उनले भिडियो सार्वजनिक भएलगत्तै कानुनको सहारा लिएर त्यसलाई रोक्ने प्रयास गरेकी थिइन्। कीलेलाई अमेरिकी पत्रिका द सनले पनि पेज थ्री आइडलको उपाधि दिइसकेको छ।

## स्कारलेट एल.जोहान्सन



'म स्कारलेटका सुडौल स्तनहरू समातेर निचोर्न चाहन्छु, ती निकै आकर्षक छन्' -एक सहअभिनेता नेटेली पोर्टम्यानले उनका बारेमा यसै भने। डेनमार्ककी भएर पनि अमेरिकी अभिनेत्रीका रूपमा चर्चित स्कारलेट यसअघि युके टप टेन अविवाहितको सूचीमा पनि परिसकेकी छिन्। गायनमा पनि दखल राख्ने स्कारलेटको 'एनिह्वेर आई ले माई हेड' गीत पनि चर्चामा रहयो। १९९८ मा उनी चलचित्र 'द हर्स विस्पर' मा देखा परिन् भने त्यसपछि उनको अभिनययात्रा जारी छ।

## कायरा क्रिस्टिना नाइट्ली



फेसन मोडल तथा अभिनेत्री कायराले गत वर्ष चलचित्र 'एटोन्मेन्ट'बाट निकै चर्चा पाइन्। यो चलचित्र ओस्कारमा मनोनयनसमेत भएको थियो। कसिलो शरीर भएकाले पनि उनको कामुकता थप आकर्षक देखिन्छ। 'बेन्ड इट लाइक बेक्ह्याम', 'पाइरेट्स अफ द क्यारािब्यिन ट्रिगोली' की अभिनेत्री कायरा हलिउडमा क्यामरुन डियाजपछि सबैभन्दा बढी पारिश्रमिक लिने अभिनेत्री हुन्।

## एलिसा एन कुथबर्ट



यी क्यानेडियन अभिनेत्री क्यानाडाको बालटेलिभिजन कार्यक्रम 'पपुलर मेकानिक्स फोर किड्स' की सहसञ्चालिकाका रूपमा चिनिएकी थिइन्। त्यसपछि चलचित्र 'द ओल्ड स्कुल' र 'द गर्ल नेक्स्ट डोर' बाट उनको पदार्पण भयो। ओल्ड स्कुलमा उनले प्रदर्शन गरेको 'पिंक पेन्टी' धेरैले रुचाए। 'द गर्ल नेक्स्ट डोर'मा उनका दृश्यहरू कामोत्तेजक मानिएका छन्। ०५मा 'हाउस अफ वाक्स' तथा ०७मा हरर चलचित्र 'क्यापिटिभिटी' बाट उनलाई ख्याति आर्जन भयो। उनले सबैभन्दा बढी अमेरिकन एक्सन थ्रिलर टेलिभिजन श्रृंखला 'ट्वेन्टीफोर'बाट चर्चा पाएकी छिन्।

## स्रेल एन कोल



कोल बेलायती गायिका हुन र संगीत समूह 'गर्ल्स अराउन्ड'की सदस्य पनि। २४ वर्षीया कोल यो वर्ष पत्रपत्रिकाहरूमा निकै छाइन्। उनका समाचारहरू निकै आए। यसलाई उनको 'बाउन्सिङ कमब्याक' भनिएको छ। बेलायती रियालिटी सो 'द एक्स फ्याक्टर'की निर्णायक कोल विवाहित भएर पनि कामुक मानिन्छिन्। उनको विवाह बेलायतको चेल्सी क्लबका फुटबलर एस्ले कोलसँग भएको छ।

# १० कामुक पुरुष



## ह्युग माइकल ज्याकमेन

६ फिट २ इन्च अग्लो शरीरका धनी जसलाई गाउन, नाच्न आउँछ र अत्याधुनिक हतियार बोकेको खुबै सुहाउँछ। उमेरले चार दशक काटे पनि उनी तन्नेरी युवाहरूको प्रेरक बनेका छन् भने युवतीहरूको मुटुको ढुकढुकी। अभिनेता ह्युग ज्याकमेन 'एक्स मेन सिरिज'का चलचित्रबाट चर्चामा छन्। अभिनेत्री निकोल किडम्यानका पति यी अभिनेता अस्ट्रेलियन मूलका हुन्।

## ज्योन ह्याम्स




टेलिश्रृंखला 'म्याडम्यान'का नायक अभिनेता जोन ह्यामको पूरा नाम जोनाथन डेनियल जोन ह्यामले आफ्नो बारेमा बखान गर्दै भनेका छन्- 'म असल मानिस बन्ने प्रयत्न गर्दैछु, म नम्र तथा विश्वासिलो व्यक्ति हुँ।' विगत दस वर्षदेखि अभिनेत्री जेनिफर वेस्टफेल्टसँग रहँदै आएका यी अभिनेता ३७ वर्षका भए।




**ब्लेयर अन्डरउड**

अमेरिकन टेलिभिजन तथा चलचित्रका ४४ वर्षीय यी अभिनेता 'सेक्स एन्ड द सिटी', 'एल.ए. ल', 'सिटी अफ एड्गल' आदि टेलिश्रृंखलाबाट निकै प्रख्यात भए। उनी अझै पनि महिलाहरू उनका लागि मरिमेट्छन् भन्ने सुनेर छक्क पर्छन्। उनी त्यतिबेला अझ छक्क परे जब एउटी अधबैंसे महिलाले आएर उनको फिला च्याप्प समातिन्।




## ज्याक इफरोन

मात्र २१ वर्षका यी अभिनेता डिज्ने च्यानलको चलचित्र 'हाइस्कुल म्युजिकल'बाट टिनएजरहरूबीच प्रिय भएका छन्। वार्नर ब्रदर्शको चलचित्र 'समरल्यान्ड'मा पनि उनको उपस्थिति धेरैले मन पराए।



**माइकल फ्लेप्स**

बेइजिङ ओलम्पिकमा जब आठ-आठवटा स्वर्ण पदक फ्लेप्सले जिते, उनले विश्वकीर्तिमान पनि कायम गरे। २३ वर्षीय यी अमेरिकन पौडीबाजका लागि संसारभरका लाखौं युवती भुतुक्कै भएका छन्। यद्यपि फ्लेप्स भन्दैछन्- 'मलाई लाग्दैन कि म 'सेक्स सिम्बोल' हुनसक्छु। मेरा लागि मेरी आमा संसारभरिकै सबैभन्दा महत्त्वपूर्ण महिला हुन्।'



## रोबर्ट बक्ले

'लिपस्टिक जंगल' श्रृंखलाका २७ वर्षीय नायक बक्लेले धेरै चलचित्रमा अभिनय गरेका छैनन्। यद्यपि उनलाई रुचाउनेहरूको कमी छैन। बक्ले 'फेसन हाउस'का फोटोग्राफर माइकल बउरको चरित्रमा निकै जमेका थिए।



## ल्याङ ल्याङ

जब यी चाइनिज पियानिस्ट (पियानोबादक) का औंला पियानोका किबोर्डमा सलबलाउन थाल्छन्, तब श्रोताले आफ्नो रक्तचाप बढेको र घटेको अनुभूति गर्न थाल्छन्। बेइजिङ ओलम्पिकको उद्घाटन समारोहमार्फत उनले पियानो संगीतको जादु विश्वभरि छरे। २६ वर्षीय ल्याङ भन्छन्- 'पियानो एउटा 'सेक्सी' बाद्ययन्त्र हो।'




## डेनियल ओर्थटोन क्रेग

यो वर्षको जेम्स बोन्ड ००७ श्रृंखलाको बाइसौं चलचित्र 'क्वान्टेम अफ सोलास'का नायक डेनियल बेलायती मूलका हुन्। क्रेग अहिलेका जेम्स बोन्डले टम्ब राइडर, क्यासिनो रोयल आदि चलचित्रबाट चर्चाको चुरोमा छन्। क्रेग बेलायतका सबैभन्दा बढी पारिश्रमिक लिने अभिनेतामा पर्छन्।



## ब्लेक सेल्टोन


अमेरिकन कन्ट्री संगीतका कलाकार सेल्टोन गायिका तथा नायिका मिरान्डा ल्याम्बर्टसँगको रोमान्स तथा डेटिङका कारण पनि चर्चामा छन्। उनको पाँचौं गीतिसंग्रह 'स्टारटिन फायर्स' गत नोभेम्बरमा सार्वजनिक भएको थियो।



## एड वेस्टवीक

अमेरिकन टेलिश्रृंखला 'गसिप गर्ल'का 'ब्याड ब्वाइ' वेस्टविकले आफ्ना बारेमा भनेका छन्- 'मेरो कमजोरी कुनै युवतीले मेरो गर्धन चुम्न खोज्नु हो, किनकि त्यो सुरुवात हो।' उनी आफूलाई रोमान्टिक युवकहरूको सूचीमा परेकोमा गर्व पनि गर्छन्। २१ वर्षीय यी अभिनेता अमेरिकन रक समूह 'द फिप्टी युथ'का गायक पनि हुन्।

# कपिललाई नेपालबाटै भोटिङ



११ जना प्रतिस्पर्धीसँग प्रतिस्पर्धा गरिरहेका नेपाली मूलका कपिल थापालाई अब नेपालमा बस्ने नेपालीले पनि बचाउन सक्ने भएका छन्। इन्डियन आइडलको चौथो संस्करणमा नेपालबाट पनि भोटिङ गर्न पाउने सुविधा प्राप्त भएपछि यहाँका नेपालीको एसएमएस भोटिङ उनको प्रतिस्पर्धात्मक यात्राका निम्ति फलदायी सावित हुनसक्छ। यसका लागि उनलाई नेपाल टेलिकम र मेरो मोबाइलका ग्राहकले २७२२ मा भोट गर्न सकिनेछ। शुक्रबार बेलुका सवा ९ बजेदेखि भोलिपल्ट शनिबार बिहान सवा ९ बजेसम्म भोटिङ लाइन खुला रहनेछ।

प्राप्त जानकारीअनुसार अहिले कपिल खतराबाट मुक्त भए पनि उनको भोटसंख्या अन्य प्रतिस्पर्धीहरूको तुलनामा कम छ। सोनी टेलिभिजनलाई सम्बद्ध सूत्र उद्धृत गर्दै डीएमआई नेपालका राजु सिंहले भने- 'भोटिङका आधारमा कपिल पाँच जनापछि छन् भन्ने थाहा पाएको छु।' अहिलेसम्मको परिणाम हेर्दा नागाल्यान्डका रेमोको पक्षमा सबैभन्दा धेरै एसएमएस भोट आउने गरेको छ। सुरिला स्वरका धनी थापालाई हालसम्म केही भारतीय नेपाली तथा इन्डियन आर्मीले सहयोग गरेकाले उनी हरेक खुड्किलो पार गर्न सफल भैरहेको बताइन्छ।

# साकेलादेखि पप नृत्यसम्म



धनकुटा- बढ्दै गएको चिसो मौसममा धनकुटा बहुमुखी क्याम्पसको देवकोटा हल निकै तातेको थियो। किराँत-राई विद्यार्थी संघ धनकुटाको दोस्रो जिल्ला सम्मेलन उद्घाटन गर्दै किराँत-राई विद्यार्थीहरूले सांस्कृतिक साकेला नृत्यदेखि लिएर आधुनिक पप गीतसम्ममा आफू मात्र नाचेनन्, उपस्थित दर्शकहरूलाई पनि नचाए।

दसैं-तिहारदेखि लगातार धनकुटामा सांगीतिक तथा सांस्कृतिक मनोरञ्जन लिइरहेका धनकुटेली युवा युवतीहरूलाई फेरि एकपटक नृत्यको मजा लिने अवसर भने किराँत-राई जिल्ला समिति धनकुटाले जुराएको थियो। दिउँसो ११ बजे प्रारम्भ हुने भनिएको सांस्कृतिक कार्यक्रमसहितको उद्घाटन कार्यक्रमको प्रतीक्षामा बसेका दर्शकहरूले नाच हेर्ने मौका भने दिउँसो १ बजेपछि मात्र पाए।

घर हाम्रो पूर्वाञ्चल भन्ने गीतबाट नाच्न थालेका स्थानीय कलाकार दया राई, दीपा राई, सर्वधन तामाङ आदिले साकेला नृत्य, चलचित्रका गीतमा नृत्य तथा आधुनिक पप गीतमा आफ्नो कला देखाउन कुनै कन्जुस्याइँ गरेनन्।

● भिषा काफ्ले


# २००८ मा बलिउडको संगीत




यो वर्ष बलिउडको संगीतमा मिश्रित शैली देखिएको छ। संगीतकार एआर रहमानद्वारा संगीतबद्ध अंग्रेजी चलचित्र 'स्लमडग मिलिनायर' को एउटा गीत आगामी वर्ष प्रदान गरिने गोल्ड ग्लोबन एवार्डको उत्कृष्ट संगीतकारको विधामा मनोनीत भएको छ। बलिउड संगीतक्षेत्रले यसलाई वर्ष २००८ कै सर्वोत्कृष्ट उपलब्धिका रूपमा लिएको छ।

बलिउड संगीतमा यो वर्ष नक्कली गीतिसंग्रहको बिक्री ह्वात्तै बढ्यो। एक तथ्यांक अनुसार करिब ७३ करोड भारतीय रुपैयाँका नक्कली गीतिसंग्रहको बिक्री-वितरण अवैध तरिकाले भएको थियो।

चलचित्र 'जाने तु...या जाने ना' को संगीतले वर्ष २००८ मा पहिलो सफलता हासिल गर्‍यो। यसको गीतिसंग्रहको बिक्री अन्य चलचित्रको तुलनामा अत्यधिक थियो। गीतिसंग्रहको लोकप्रियता तथा बिक्रीका आधारमा 'कर्ज' ले दोस्रो स्थान






हासिल गर्‍यो। 'कर्ज' पछि श्रोताले चलचित्र 'रक अन' को संगीत मन पराए।

यी तीनवटा चलचित्रपछि अन्य चारवटा चलचित्रको संगीतले राम्रो व्यापार गरे। लोकप्रियता तथा बिक्रीका आधारमा 'रेस', 'सिंह इज किङ', 'जोधा अकबर' तथा 'किस्मत कनेक्सन' बीच तीव्र प्रतिस्पर्धा चल्यो। यी चारवटै चलचित्रमा संगीतको स्वाद फरक-फरक थियो, तर श्रोताले चारवटै चलचित्रका गीत उत्तिकै रोचक मानेर सुने।

यस वर्ष बलिउडमा रक शैलीका गीतहरूले लोकप्रियता हासिल गरे। 'जाने तु...या जाने ना' का अधिकांश गीत रक शैलीका छन्। यो चलचित्रका संगीतकार एआर रहमानले संगीतको शैलीमा केही परिवर्तन ल्याउन चाहेका थिए। यो चलचित्रका 'पप्पु कान्ट डान्स साला', 'कभी कभी अदिती' लगायत सातवटै गीत लोकप्रिय भए। खासगरी युवापुस्ताका श्रोताले 'पप्पु कान्ट...' औधी रुचायो। गत जुन महिनामा प्रदर्शन भएको यो चलचित्रले संगीतबाट पनि उल्लेख्य व्यापार गर्‍यो। त्यसै पनि संगीतमा नयाँ-नयाँ प्रयोग गर्न रुचाउने एआर रहमानले यो चलचित्रमार्फत युवापुस्तालाई कस्तो शैलीको संगीत मन पर्छ भन्ने कुरा पनि बुझे।

वर्षको अन्त्यतिर प्रदर्शन भएका 'ओय लकी ! लकी ओय !', 'सरी भाइ', 'महारथी', 'मीराबाइ नट आउट', 'ओह माइ गड', 'दिल कबड्डी' का संगीत सामान्य रहे। डिसेम्बर १२ मा प्रदर्शन भएको चलचित्र 'रब ने बना दी जोडी' का संगीत भने पछिल्लो समयमा लोकप्रिय भैरहेका छन्। जतिन-ललितद्वारा संगीतबद्ध यो चलचित्रका अधिकांश गीत कर्णप्रिय छन्। यद्यपि यशराज ब्यानरको अत्यधिक सफल चलचित्र 'दिलवाले दुल्हनियाँ ले जाएंगे' को संगीतको तुलनामा जतिन-ललितको यो पछिल्लो सिर्जनाले लोकप्रियता पाउन नसक्ने टिप्पणी समीक्षकहरूले गरेका छन्। 'रब ने...' चलचित्रको 'हौले हौले...' बाहेक बाँकी गीत औसत रहे।

प्रदर्शनको तयारीमा रहेको चलचित्र 'चाँदनी चौक टु चाइना' को संगीतबाट धेरै आशा गरिएको थियो, तर भर्खरै सार्वजनिक गरिएका यो चलचित्रका संगीतले पनि खासै चर्चा पाउने सक्ने सम्भावना छैन। चलचित्रको शीर्षक गीत श्रोताले मन पराइसकेका छन् तर बाँकी गीत सामान्य छन्। अमिर खानको चलचित्र 'गजनी' को संगीत औसतभन्दा राम्रो छ।



बलिउडका उदीयमान संगीतकार सलिम मर्चेन्ट भन्छन्– 'बलिउडमा संगीत उद्योग नै छैन। चलचित्र उद्योग मात्र छ। बलिउडमा प्रदर्शन हुने सबै चलचित्र संगीतमय छन् तर संगीत उद्योगका रूपमा बलिउडको विकास हुन सकेको छैन। बलिउडमा संगीत उद्योगको विकासका लागि नयाँ प्रतिभाको खाँचोको पूर्ति अहिलेसम्म हुन सकेको छैन।'

संगीतकार सलिमले बलिउड संगीतका बारेमा जस्तो प्रतिक्रिया दिए पनि पछिल्ला केही वर्षयता भारतीय संगीत क्षेत्रमा नयाँ-नयाँ सांगीतिक प्रतिभा जन्मने क्रम जारी छ। इन्डियन आइडललगायतका सांगीतिक प्रतिस्पर्धाका कारण बलिउडले प्रतिभाशाली गायक-गायिका पाउने क्रम बढेको छ। वर्ष २००८ को बलिउड चलचित्र क्षेत्रमा केही परिवर्तन पनि देखिए, तर निर्माता-निर्देशकहरू चलचित्रको व्यापार खस्किने डरले संगीतमा नयाँ प्रयोग गर्न हिचकिचाउँछन्। निर्माता-निर्देशकले चलचित्रको कथाअनुसारको गीत-संगीतमात्र चलचित्रमा समावेश गर्न खोजेकाले पनि कतिपय प्रतिभाशाली संगीतकारले श्रोताको चाहनाअनुरूपको संगीत सिर्जना गर्न नसकेको यथार्थता यो वर्ष पनि देखियो। कथाको परिधिमा बस्नुपर्ने भएकाले बलिउडको संगीत लोकप्रिय हुन नसकेको चर्चा पनि चलिरहन्छ। पश्चिमा मुलुकका दर्शक हिन्दी गीत-संगीतकै कारण बलिउडका चलचित्र हेर्ने बताउँछन्। हलिउडका चलचित्रमा गीत-संगीतको प्रयोग कम हुने भएकाले युरोप तथा अमेरिकाका दर्शकहरू मेलोडियस संगीतकै कारण हिन्दी चलचित्र हेर्छन्।





विगतका वर्षहरूमा झैं यस वर्ष पनि बलिउडमा गजल-संगीतको प्रयोग नगण्य रूपमा भयो। पुराना पुस्ताका संगीतकारहरूले बलिउडका चलचित्रमा गजलको प्रयोग घट्नुमा नयाँ संगीतकारलाई दोष दिने क्रम यो वर्ष पनि जारी रह्यो। नयाँ पुस्ताका संगीतकारहरूले भने चलचित्रको पटकथाअनुसार संगीत तयार पारिने भएकाले चलचित्रमा गजलको प्रयोग घट्नुमा आफ्नो दोष नरहेको तर्क दिइरहे। गजल गायक जगजीत सिंहका अनुसार नयाँ चलचित्रकर्मीहरू पाश्चात्य संस्कृतिबाट प्रभावित छन्। नयाँ संगीतकारले पश्चिमा संगीतको नक्कल गरिरहेको आरोप पनि उनको छ। ओम शान्ति ओम, टसन तथा दोस्तानाजस्ता चलचित्रका संगीतकार विशाल-शेखरका अनुसार उनीहरूले चलचित्रका लागि संगीत तयार पार्दा पटकथामा ध्यान दिनुपर्छ। पटकथाले गजललाई समावेश गर्नुपर्छ भन्यो भने त्यो समावेश गर्न आफू कहिले पछि नपर्ने तर्क उनीहरूको छ।

## उत्कृष्ट गायक

| | |
|---|---|
| १. सुखविन्दर सिंह | हौले हौले |
| २. रसिद अलि | कभी कभी अदिती |
| ३. के के | जरा सि |
| ४. आतिफ अस्लम | पहली नजर में |
| ५. फरहान अख्तर | पिछ्ले सात दिन |
| ६. शंकर महादेवन | देशी गर्ल |
| ७. सोनु निगम | फिर मिलेंगे |
| ८. जावेद अलि | जश्न ए बहरा |
| ९. शान | मिलो ना मिलो |
| १०. कमरान अहमद | जुदाई |

## उत्कृष्ट गायिका

| | |
|---|---|
| १. सुनिधि चौहान | देशी गर्ल |
| २. श्रेया घोषाल | तु मेरी दोस्त |
| ३. अलका याज्ञिक | तु मुस्कुरा |
| ४. नेहा बासिन | कुछ खास |
| ५. श्वेता पण्डित | रिमझिम सावन |
| ६. शिल्पा राव | कोइ ना जाने |
| ७. अमृता कक | तुझे आश्का बीच |
| ८.हिमानी कपुर | जोगी माही |
| ९. साधना सरगम | तेरे बिना |
| १०. ऋचा शर्मा | किथे जवाँ |

## उत्कृष्ट गीत

| | |
|---|---|
| १.फिर मिलेंगे | रब ने बना दि जोडी |
| २.देशी गर्ल | दोस्ताना |
| ३. जोगी माही | बचना ए हसिनों |
| ४.कभी कभी अदिती | जाने तुँया जाने ना |
| ५. तु मेरी सोनिए | किस्मत कनेक्सन |
| ६. सोचा है | रक अन |
| ७. खुदा जाने | बचना ए हसिनों |
| ८. हौले हौले | रब ने बना दि जोडी |
| ९. ख्वाब देखे | रेस |
| १०. मिट जाए | किडन्याप |

## उत्कृष्ट संगीतकार

| | |
|---|---|
| १ प्रितम | रेस/किस्मत कनेक्सन |
| २. सलिम-सुलेमान | रब ने बना दि जोडी |
| ३. विशाल-शेखर | बचना ए हसिनों |
| ४. एआर रहमान | जाने तु या जाने ना |
| ५. शंकर/एहसान/लोय | रक अन |
| ६. राजेश रोशन | क्रेजी फोर |
| ७. हिमेश रेशमिया | कर्ज |
| ८. प्रीतम | सिंह इज किङ |
| ९. जस्टिन-उदय | हाइज्याक |
| १०. साजिद-वाजिद | गड तुस्सी ग्रेट हो |





# फ्लप, हिट, सुपरहिट र ब्लकबस्टर

'द प्रेसिडेन्ट इज कमिङ', 'कुल नही हट हैं हम', 'रिस्तोंकी मेसिन', 'पंकज उदास इन्डलेस लभ', 'रामचन्द पाकिस्तानी' 'सास बहु और सेनसेक्स', 'ओम शान्ति-फाइट फोर पिस', 'फ्रुट एन्ड नट', 'हैदराबादी बकरा', 'चिन्टी चिन्टी ब्याङ्ब्याङ्', 'मन्थन एक कस्मकस्', 'होप एन्ड ए लिटिल सुगर' यी बलिउड वा हलिउडमा बन्न लागेका चलचित्रका शीर्षक होइनन् । यी ०८मा बलिउडमा निर्माण भै प्रदर्शन भैसकेका केही चलचित्र हुन् । यो वर्ष बलिउडबाट हिन्दी भाषाका झन्डै तीन सयवटा चलचित्र प्रदर्शनमा आए । तीमध्ये यस्ता शीर्षकका चलचित्रकै बाहुल्यता थियो । यी चलचित्रहरू बलिउडमा कहिले, कसले, कहाँ, कसरी बनायो ? को-को यसमा कलाकारहरू थिए ? ती कहिले, कसरी प्रदर्शनमा आए ? कहाँ-कहाँ चलाइयो ? यस्ता प्रश्नको खोजिरहनु आवश्यक छैन, किनभने भारतका विभिन्न प्रान्तका भाषामा हरेक वर्ष अनेकौं चलचित्र बन्छन, चल्छन् र उत्रन्छन् । तीमध्ये भारतको राष्ट्रिय भाषा हिन्दीमा बलिउडमा बन्ने र प्रदर्शनमा आउने सयवटा जति चलचित्रको विश्वभरि चर्चा-परिचर्चा हुन्छ । यो वर्ष पनि त्यस्तै भयो । यो वर्ष पनि बलिउडबाट प्रदर्शित थुप्रै चलचित्र असफल भए भने केही 'ब्लकबस्टर' पनि भए ।

जनवरी महिनाको दोस्रो साता बलात्कार, हत्या, अपहरण, हिंसा, आतंक, ठगीजस्ता गतिविधि समेटिएको मल्टिस्टारर चलचित्र 'हल्ला बोल' प्रदर्शन भयो । यो नै सन् २००८को पहिलो 'बिग बजेट' चलचित्र थियो । भारतको बक्सअफिसले यो चलचित्रलाई 'एभरेज' चलचित्र मानेको छ । बलिउडमा फेब्रुअरी महिनाको दोस्रो साता आकर्षक पुरुष ऋतिक रोशन र रूपसी ऐश्वर्या रायलाई लिएर बनाइएको ऐतिहासिक प्रेमकथात्मक चलचित्र 'जोधा अकबर' सार्वजनिक भयो । चालिस करोड भारतीय रुपैयाँको लगानीमा निर्माण गरिएको यो चलचित्रले सफलता पनि पायो, तर चलचित्रमा अकबर र जोधाको प्रेमलाई विवाद पनि बनाइयो । 'ओ जानेजाँ, दोनो जहाँ, मेरी बाँहोमा भुलजा' कुणाल गुञ्जवालले गाएको यो गीत धेरै सुने । सस्पेन्स तथा थ्रिलर चलचित्र बनाउन जान्ने निर्देशक जोडी अब्बास-मस्तानले निर्देशन गरेको चलचित्र 'रेस'का गीतहरू मात्र होइन, चलचित्रको विषय र प्रस्तुति पनि दर्शकले निकै रुचाए । यसमा रहेका कलाकारहरूमा पनि सैफ अलि खानले बाजी मारे । हटकेकहरूमा विपासा बसु र कैटरिना कैफको चर्चा पनि निकै चल्यो ।

बलिउडमा यो वर्ष एकल नायक वा नायिकाका चलचित्रहरूभन्दा पनि दुई वा दुईभन्दा बढी कहलिएका 'स्टार'हरूलाई लिएर मल्टिस्टारर चलचित्र निकै बनाइए । यसलाई नै बलिउडको २००८को 'ट्रेन्ड' भन्न सकिन्छ । असीको दशकमा बलिउडमा अमिताभ बच्चन, विनोद खन्ना, शत्रुघन सिन्हा, शशी कपुर, धर्मेन्द्र, ऋषि कपुर आदि नायक तथा जिनत अमान, परविन बबी, हेमा मालिनी, नितु सिंह, रेखा आदि नायिकाहरूलाई एक्लाएक्लै लिएर चलचित्र बनाउनेभन्दा पनि मनमोहन देसाइँ, बीआर चोपडा, यश चोपडाजस्ता निर्माता निर्देशकहरूले उनीहरूको भीड जम्मा गरेर 'मल्टिस्टारर' चलचित्र बनाउँथे ।





यो वर्ष लगभग त्यही कुराको पुनरावृत्ति भएको देखियो । हल्लाबोलमा अजय देवगन, तुषार कपुर, पंकज कपुर, रेसमा सैफअली खान, अक्षय खन्ना, विपासा बसु, कैटरिना कैफ, टसनमा अक्षयकुमार, सैफअली, अनिल कपुर, करिना कपुर, गोलमाल रिटर्नस्मा अजय देवगन, तुषार कपुर, श्रेयस तालपाडे, अरसद वारसी, करिना कपुर, अमृता अरोरा, सेलिना जेट्ली, युवराजमा सलमान खान, अनिल कपुर, जायद खान, कैटरिना कैफ दोस्तानामा अभिषेक बच्चन, जोन अब्राहम, बबी देवल, प्रियंका चोपडाहरूको भीड देखियो । यिनीहरूमध्ये अधिकांशमा समानता पनि थियो । ती चलचित्रमध्ये धेरैजसो हास्यप्रधान थिए । जस्तो कि गोलमाल रिटर्नस्, दे ताली, दोस्ताना, वेलकम टु सज्जनपुर, गड तुस्सी ग्रेट हो, सिंह इज किंग, मिस्टर ह्वाइट मिस्टर ब्ल्याक, सनडे, क्रेजी फोर आदिमा हास्यलाई आधार बनाइएको थियो ।

**सुपरहिट**

ब्लकबस्टर हुन नसकेपनि ऋषि कपुर तथा नितु सिंह कपुरका सुपुत्र रणवीर कपुरद्वारा अभिनीत गत वर्षको फ्लप 'साँवरिया'पछि दोस्रो चलचित्र 'बचना ए हसिनों'ले बक्स अफिसमा केही हदसम्म सफलता पायो र यो चलचित्रलाई सुपरहिट मानिएको छ । त्यसैगरी हास्यप्रधान चलचित्र 'गोलमाल'को सिक्वेल 'गोलमाल रिटर्नस्' लाई पनि दर्शकले मनपराएका छन् । यसअर्थमा यो चलचित्र पनि २००८को सुपरहिट मानिएको छ ।

अब्बास मस्तानले निर्देशन गरेको चलचित्र 'रेस'को सस्पेन्स, थ्रिलर र एक्सन दर्शकले रुचाए । चलचित्रमा ग्ल्यामर र सुन्दरताको सम्मिश्रण छ । अक्षय खन्नाको खलनायकीपन यसअघि दर्शकले चलचित्र 'हमराज'मा हेरिसकेका थिए । चलचित्रमा विपाशा र सैफबीचको कामुक दृश्य पनि चर्चामा रहयो । यद्यपि चलचित्रलाई प्रितम चक्रवर्तीको संगीतले सुपरहिट बन्न निकै मद्दत गऱ्यो । नायक ऋतिक रोशनको चर्चा त्यति नभए पनि उनले ऐश्वर्या रायसँग अभिनय गरेको मुगलको प्रेमकथामा आधारित चलचित्र 'जोधा अकबर'ले भने दर्शकको मन जित्यो । जोन अब्राहम र अभिषेक बच्चनको जोडीलाई समलिंगीका रुपमा देखाइएको हास्यप्रधान प्रेमकथात्मक चलचित्र 'दोस्ताना' पनि सुपरहिट भएको छ ।

**हिट**

अजय देवगनले अभिनय गरेको यथार्थवादी अपराध चलचित्र 'हल्लाबोल', अमिताभ बच्चन, अभिषेक बच्चन तथा ऐश्वर्या राय बच्चन अर्थात् बच्चन परिवारकै हालीमुहाली रहेको पूर्व सफल चलचित्र 'सरकार'को सिक्वेल 'सरकार राज', एक युवाको एक दिनको कथामा आधारित चलचित्र 'आमिर', फेसन क्षेत्र तथा यसमा कार्यरत मोडलहरूको दिनचर्यामा मधुर भण्डारकरको प्रस्तुति चलचित्र 'फेसन', शाहरूख खानको पछिल्लो चलचित्र 'रब ने बना दि जोडी', एक युवा चोरको कथा चलचित्र 'ओए लकी,लकी ओए', कार्टुन एनिमेटेड चलचित्र 'रोडसाइड रोमियो', कोरियन ब्लकबस्टर चलचित्र 'माइ स्यासी गर्ल'को रिमेक चलचित्र 'अगली और पगली' आदि चलचित्रलाई दर्शकले रुचाए ।

## वर्षका सफल चलचित्र



१.जाने तु या जाने ना
२.रेस
३.सिंह इज किंग
४.रक अन
५.गोलमाल रिटर्नस्
६.दोस्ताना
७.जोधा अकबर
८.बचना ए हसिनों
९.फेसन
१०.रब ने बनादी जोडी

## चर्चित नायक (पेज थ्रीमा चर्चित)




१.अक्षयकुमार
२.आमिर खान
३.शाहरूख खान
४.सैफअली खान
५.सलमान खान
६.अजय देवगन
७.अमिताभ बच्चन
८.जोन अब्राहम
९.अभिषेक बच्चन
१०.ऋतिक रोशन

## चर्चित नायिका (पेज थ्रीमा चर्चित)



१.कैटरिना कैफ
२.प्रियंका चोपडा
३.दीपिका पादकुणे
४.करिना कपुर
५.ऐश्वर्या राय बच्चन
६.विपाशा बसु
७.प्रीति जिन्टा
८.मल्लिका शेरावत
९.कंगना रणावत
१०.सेलिना जेट्ली

## चर्चित निर्देशक



१.अब्बास टायरवाला-जाने तु या जाने ना
२.अब्बास मस्तान-रेस
३.अनिश बाज्मी-सिंह इज किंग
४.अभिषेक कपुर-रक अन
५.रोहित शेट्टी-गोलमाल रिटर्नस्
६.तरुण मनसुखानी-दोस्ताना
७.आशुतोष गोवारिकर-जोधा अकबर
८.सिद्धार्थ आनन्द-बचना ए हसिनों
९.मधुर भण्डारकर-फेसन
१०.आदित्य चोपडा-रब ने बनादी जोडी

# अल नेपाल म्युजिकल टुर विथ डिजे तेन्जिङ



**साप्ताहिक समाचार**

डिजे तेन्जिङको नेतृत्वमा हुने राष्ट्रव्यापी सांगीतिक यात्राको पहिलो गन्तव्य धरान हुने भएको छ। आगामी बुधबार डिजे तेन्जिङको टिमले धरानको सांगीतिक माहौल तताउने टुर आयोजक समितीले जनाएको छ। 'अल नेपाल म्युजिकल टुर विथ डिजे तेन्जिङ २००९' शीर्षक राखिएको यो सांगीतिक यात्राको पहिलो कार्यक्रममा मिङ्मा शेर्पा, रोज मोक्तान, रेश्मा सुनुवार, डिए युनिटी, नेप्साइडेज र डिजे तेन्जिङले आफ्ना उत्कृष्ट सिर्जना प्रस्तुत गर्नेछन्। सांगीतिक यात्राको क्रममा दिउँसो कन्सर्ट र बेलुका डान्स पार्टी आयोजना हुनेछ।

धरानस्थित निर्वाणा कन्ट्री क्लबमा आयोजना हुने कर्न्सट तथा डान्स पार्टीमा १० हजार मानिसको उपस्थिति हुने अनुमान आयोजकले गरेका छन्। सांगीतिक यात्राको नेता डिजे तेन्जिङका अनुसार धरानको कार्यक्रम पछि माघ ११ गते चरिकोट, माघ १४ गते निजगढ, फागुन १० गते नेपालगञ्जमा क्रमशः कन्सर्ट तथा डिजे सेसन हुनेछ। यसबाहेक काठमाडौं, पोखरा, हेटौंडा, तातोपानी, नाम्चेबजार र लुक्लामा पनि कार्यक्रम हुनेछ। केही स्थानको कार्यक्र अझै निश्चित भैनसकेको डिजे तेन्जिङले बताए।

मुलुकभरका १० स्थानमा आयोजना हुने भनिएको यो सांगीतिक यात्रामा स्थान हेरी कलाकार थप्दै लैजाने आयोजकले बताएका छन्। स्थान हेरी लोकप्रिय कलाकारलाई प्राथमिकता दिइनेछ, डिजे तेन्जिङले भने- अन्य स्थानको कार्यक्रममा थप पप तथा लोक गायक-गायिकाहरू पनि सांगीतिक यात्रामा सरिक हुनेछन्।

धरानको कार्यक्रमका आयोजक सुमन लिम्बूले धरानमा पहिलो पटक नौलो व्यवस्थापनमा सांगीतिक कार्यक्रम गरिन लागेको बताए। 'हामीले कन्सर्ट र डान्स पार्टीलाई भिन्न-भिन्न 'थिम' मा प्रस्तुत गर्दैछौं' लिम्बूले भने- 'सांगीतिक कार्यक्रममा रम्न आएका दर्शकले कार्यक्रम अवधिभर सोंचेभन्दा बढी मनोरञ्जन पाउन् भन्ने हाम्रो उद्देश्य हो।' धरानको कार्यक्रमलाई स्थानीय आयोजक रिकोभरिङ धरान र मेन इन ब्लाक पार्टी जक्कीले व्यवस्थापन गर्नेछन्।

नेपाली संगीतका पारखीहरूलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्य राखिएको यो यात्राबाट संकलित केही रकम समाजसेवाका क्षेत्रमा कार्यरत संघ-संस्थालाई प्रदान गरिने उनले बताए।

कार्यक्रमकै दौरानमा डिजे तेन्जिङको पहिलो रिमिक्स सांगीतिक संग्रह 'डिजे तेन्जिङ' पनि सार्वजनिक हुनेछ। डिजे तेन्जिङले आफ्नो संग्रहमा गीत गाएका कलाकारहरूलाई लिएर यो सांगीतिक यात्रा प्रारम्भ गर्न लागेका हुन्। उक्त सांगीतिक यात्राका अफिसियल मिडिया साप्ताहिक, कान्तिपुर टेलिभिजन तथा कान्तिपुर एफएम छन्।

**सूचना**

**प्रेम दिवस (भ्यालेन्टाइन डे) १४ फ्रेबुअरीका अवसरमा आफ्ना हितचिन्तक प्रेमी-प्रेमिकालाई शुभकामना सन्देश दिन चाहनेहरूले आफ्नो सन्देश माघ २४ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध गरिन्छ।**

**–सम्पादक**

# राजवंशी सांस्कृतिक सम्मेलन



**कमल रिमाल**

विराटनगर- विराट राजाको कुलका रूपमा विराट राजाकै नगरी विराटनगर आसपासमा रहेका विराट क्षेत्रिय राजवंशीहरूले जातिगत पहिचान कायम राख्न संस्कृति झल्काउने विभिन्न गतिविधि गर्दै आएका छन्। खास गरी विराटक्षेत्रका राजवंशीहरूले विराटनगरमा हरेक वर्ष एउटा चाडका रूपमा सांस्कृतिक सम्मेलन समेत गर्दै आएका छन्। यस क्रममा भोलि पुस १२ गते शनिबार विराटनगरमा बृहत् सांस्कृतिक सम्मेलनका रूपमा कार्यक्रम हुने भएको छ।

राजवंशी जातिको संस्कृति जगेर्ना गर्न लागिपरेको समाद परिवार नामक संस्थाको आयोजनामा केही वर्षदेखि विराटनगरमा संस्कृति झल्काउने प्रतियोगिताहरू पनि गर्दै आएको छ। यस वर्ष हुने कार्यक्रममा जातीय पहिचान झल्काउने पहिरन प्रदर्शनी, गीत, नृत्यजस्ता गतिविधि गरिनेछ। कार्यक्रममा राजवंशी भाषाका गीतहरूका साथै नृत्य र प्रहसनसमेत प्रदर्शनी गरिने भएको छ। कार्यक्रममार्फत जनजाति महासंघले समेत नसमेटेको विराटक्षेत्रका राजवंशीहरूले महासंघमा आवद्ध हुन पाउनुपर्ने माग पनि गर्ने भएका छन्।

यसै वर्षको दसौं इमेज एवार्ड विजेता राजवंशी जातिका गायक प्रबलदीप विश्वासले बजारमा ल्याउन लागेको नेपाली भाषाको पहिलो एल्बम 'जे पनि' सोही समारोहमार्फत सार्वजनिक गरिने समाद परिवारका अध्यक्ष पन्नालाल राजवंशीले बताए। गायक विश्वासले यसअघि राजवंशी, नेपाली, अंग्रेजी, हिन्दी, मैथली, थारु र भोजपुरी भाषाका गीत गाइसकेका छन्। सांस्कृतिक कार्यक्रममा मोरङ, सुनसरी तथा झापा जिल्लाका राजवंशी समुदायको उपस्थिति रहने बताइएको छ।

# अब चिल्ड्रेन एक्स्पो

**साप्ताहिक समाचार**

बालबालिकाहरूसँग सम्बन्धित व्यावसायिक सामग्रीहरूको प्रदर्शनी आगामी बुधबारदेखि युनाइटेड वर्ल्ड ट्रेड सेन्टर त्रिपुरेश्वरमा आयोजना हुने भएको छ। डाइरेक्सन नेपाल प्रा.लि.ले दोस्रो पटक आयोजना गर्न लागेको 'चिल्ड्रेन एक्स्पो २००८' मा बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने उत्पादन तथा सेवाहरू प्रदर्शन हुनेछन्।

वर्ल्ड ट्रेड सेन्टरस्थित चौथो तलामा रहेको डाइरेक्सन एक्जिबिसन एन्ड कन्भेन्सन सेन्टरमा हुने एक्स्पो २१ गते आइतबारसम्म चल्नेछ। 'अभिभावकहरू आफ्ना बालबालिकाका बारेमा सधैं चिन्तित रहने गरेका छन्। उनीहरू आफ्नो शिशुको व्यक्तित्व-विकासका निम्ति सही सल्लाहको अपेक्षा राख्छन्,' आयोजक डाइरेक्सन नेपालका निर्देशक दीपक थापाले साप्ताहिकलाइ भने- 'तर उनीहरूले अपेक्षा गरेबमोजिमको जानकारी नपाइरहेको अवस्थालाई मध्यनजर गरेर अभिभावकले एकै थलोमा यो सबै जानकारी पाउन सकून् भन्ने उद्देश्यले हामीले यो एक्स्पोको आयोजना गरेका हौं।'

एक्स्पोमा बालबालिकाको व्यक्तिगत, सामाजिक तथा शारीरिक विकासका लागि आवश्यक पर्ने सबै जानकारी उपलब्ध हुने छ। त्यसैगरी एक्स्पोमा बालबालिकाको रुचिका अतिरिक्त क्रियाकलापका कार्यक्रमका बारेमा पनि अभिभावकले जानकारी लिनेछन्। निर्देशक थापाका अनुसार बालबालिकासम्बन्धी सबै जानकारी अभिभावकले लिन सकून् भनेर एउटा प्याकेजका रूपमा एक्स्पोको आयोजना गरिएको छ। एक्स्पोमा बालबालिकाका रुचिका शैक्षिक सामग्री, रुचिका अतिरिक्त क्रियाकलापका कार्यक्रम, हेल्दी प्रोडक्टहरूको जानकारी, बालबालिकाले के गर्ने के नगर्ने भन्ने विषयको जानकारी, बालबालिकाको मनोविज्ञानसँग जोडिने आर्ट एन्ड क्राफ्ट, खेलौना, पहिरनजस्ता कुरामा अवलोकनकर्तालें जानकारी पाउने डाइरेक्सन नेपालका त्रिलोकेश्वर मल्लले बताए।

एक्स्पोमा बालबालिकासँग कसरी प्रस्तुत हुने भनेर अभिभावकलाई तालिम कार्यक्रमको आयोजनासमेत हुनेछ। बालमनोविज्ञानसँग सम्बन्धित विषयमा यो तालिम उपलब्ध गराइनेछ। पछिल्ला वर्षहरूमा फस्टाएका मन्टेश्वरी शिक्षापद्धति र डे-केयर सेन्टरका बारेमा पनि अभिभावकले जानकारी पाउनेछन्। डेन्टल क्याम्प रहने भएकाले बालबालिकाको दाँतसम्बन्धी समस्यामा पनि एक्स्पो लाभदायी हुनेछ। विन्टर तथा समर भ्याकेसनमा बालबालिकाले आफ्नो रुचिका क्षेत्रमा ज्ञान हासिल गरून् भन्ने उद्देश्यले विभिन्न शैक्षिक, अतिरिक्त क्रियाकलाप र भ्रमणका विषयमा एक्स्पोमा जानकारी पाइनेछ। आयोजक थापाका अनुसार भ्याकेसनको बेलामा ट्रेनिङ उपलब्ध गराउने तथा भ्रमणमा लैजाने संस्थाहरूले पनि एक्स्पोमा सहभागिता जनाएका छन्। यसबाहेक एक्स्पोमा पेन्टिङ तथा फेन्सी ड्रेस प्रतिस्पर्धा हुनेछ। हरेक दिन जादु प्रदर्शन गरिने एक्स्पोमा नाटक मञ्चनको कार्यक्रम पनि हुनेछ। ५० वटा स्टल रहने एक्स्पो करिब १५ हजार दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकहरूको छ।



यो साता राजधानीको सोल्टी होटेलमा आयोजित बालबालिकाहरुको उत्सवको दृश्य

# मिस टिन छान्ने तयारी



**अंग्रेजी क्यालेन्डरको अन्तिम दिन अर्थात् डिसेम्बर ३१ तारिखमा, मिस टिन नेपाल २००८ छानिने भएको छ। काठमाडौं जेसिजको आयोजनामा हुने यस पटकको मिस टिन संस्करणमा १६ देखि १९ वर्ष उमेर समूहका २० जना जना टिनएजरको सहभागिता छ। दिया मास्केको कोरियोग्राफी रहने मिस टिन प्रतियोगिताको अन्तिम प्रतिस्पर्धाबाट शीर्ष उपाधि विजेता, फस्ट रनरअप, सेकेन्ड रनरअपलगायत अन्य उपाधि विजेताहरू छनौट गरिनेछ।**

**सन् २००३ मा प्रारम्भ भएको यो प्रतिस्पर्धाले टिनएजरहरूको प्रतिभा प्रस्फुटन, आत्मविश्वास अभिवृद्धि, व्यक्तित्व विकासका साथै सामाजिक उत्तरदायित्व बोध गराउने उद्देश्य लिएको छ। यसअघि अमान्दा मानन्धर गुरुङ, प्रवीणा थापा, खुश्बु ओली, प्रियंका कार्की तथा आयुषा कार्कीले मिस टिन नेपालको ताज पहिरिइसकेका छन्। कार्यक्रमको अन्तिम प्रतिस्पर्धा आगामी बुधबार जमलस्थित राष्ट्रिय नाचघरको प्रेक्षालयमा सञ्चालन हुनेछ।**

# मिस नेवा : प्रतिस्पर्धीका प्रतिभा

देवी कालीको मुद्रा, कालीको स्वरूप र आवरणमा प्रस्तुत भएकी सानुमैयाँ महर्जनको काली नृत्य हेरिसकेपछि अधिकांश प्रतिस्पर्धीले यसपटक मिस ट्यालेन्टको उपाधिमा सानुले नै कब्जा जमाइन् भन्ने अनुमान गरेका थिए। त्यसो त आफ्नो नृत्यलाई भेशभूषा र शैलीबाट एकल नभै युगल नृत्यका रूपमा प्रस्तुत गरेकी मनीषा श्रेष्ठको नृत्य पनि प्रशंसनीय थियो। सुशीला श्रेष्ठ, सिर्जना महर्जन, आकाश बज्राचार्यका नृत्यले पनि उपस्थित निर्णायकवर्गको मन जितेको आभास हुन्थ्यो। प्रत्यक्ष धिमे बाजाको सुर-तालमा नृत्य प्रस्तुत गरेर दीपिका महर्जनले केही अलग गर्न खोजेकी थिइन्। नेप्लिज फेसन होमको आयोजनामा अगामी पुस १५ गते मंगलबार सम्पन्न हुने मिस नेवाः प्रतियोगिताको चौथो संस्करणअन्तर्गत ट्यालेन्ट राउन्डमा गत मंगलबार अधिकांश प्रतिस्पर्धीले नृत्य प्रदर्शन गरेका थिए। गायन, वक्तृत्वकला, कराँते काँता, स्केचिङमार्फत आफ्नो प्रतिभा देखाउनेहरू पनि थिए। करिब एक महिनाको प्रशिक्षणपश्चात् मंगलबारको अन्तिम प्रतिस्पर्धाका लागि प्रतियोगिताहरू तयार भएका छन्। सञ्चारकर्मी एवं कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफी, रोहिया महर्जनको नृत्य प्रशिक्षण, राजु नापितको भाषा-लिपिसम्बन्धी प्रशिक्षणका साथै नेवार जातिको कला, संस्कृति, परम्पराको जानकारी, व्यक्तित्व-विकास, आत्मविश्वास अभिवृद्धि, आत्मरक्षा, एचआईभी एड्स, लागूऔषधसम्बन्धी सचेतता, फेसन एवं सौन्दर्यसम्बन्धी ज्ञानलगायत अन्य विधाको जानकारीसँगै गत शनिबारको मनकामना दर्शनपछि प्रतिस्पर्धीहरू अन्तिम प्रतिस्पर्धाका लागि थप उत्साहित देखिन्छन्। प्रतियोगिताअन्तर्गत भोलि प्रिजजिङ राउन्ड हुँदैछ।



## ● सन्देश ●

नयाँ वर्ष २००९ ले नेपालमा सुख, शान्ति, समृद्धि, उन्नति, प्रगति, स्नेह र भ्रातृत्वको विकास गरोस् भन्ने कामना गर्दै सम्पूर्ण नेपालीलाई हार्दिक शुभकामना। विशेष गरी होली केयर स्कुलका शिक्षक वर्ग, अभिभावक, विद्यार्थी, मेरो परिवार र मलाई चिन्ने सम्पूर्ण इष्टमित्रलाई।

tamandas_g@yahoo.com

गंगाराम, खिलु, बिना, नुगो, रूपा, राजकुमार, स्टार, विवेक, अनिता, पृथ्वीलगायत ताप्लेजुङका साथीहरूलाई नयाँ वर्षको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**विरु नुर्गा**

रेखा, तपाईंको जीवन सुखी र स्वस्थ रहोस्। हरेक पाइलाले सफलता चुमोस्। जन्मदिनको शुभकामनाका साथै उत्तरोत्तर प्रगतिको कामना। बहिनी एलिना र सरिता परीक्षामा उत्तीर्ण हुनुभएकोमा बधाई छ।

**मगर काजी**

निशा, नववर्षको हार्दिक शुभकामना। नयाँ वर्षले तिम्रा सारा सपना साकार गरून् अनि तिम्रो सुस्वास्थ्यको कामना।

**राजु**

एल.जी, युनिक नामले पो बोलाऊँ क्यारे, सुखद दाम्पत्य जीवनको कामना। अनि काठमाडौंको जागिरे श्रीमान् पाउनुभएछ, फेरि काठमाडौंमा घर भै अमेरिकाको अर्को जागिरे पाए पनि त्यो मौका पनि नगुमाउनुहोला।

**एच.बी.एम.**

नववर्ष २००९ को उपलक्ष्यमा केएमसीका साथीहरू, विशेषगरी वन्दना



र काजललाई हार्दिक शुभकामना।

**अच्युत**

एस, नयाँ वर्षको पावन अवसरमा प्रगतिका पाइला चुम्दै जानु, मेरो शुभकामना। शुभकामना मेरा प्यारा साथीहरू अर्जुन, बिनु, झरे, मनु, सम्भु, धने, तेजेन्द्र, रञ्जु लगायत मलाई चिन्ने सम्पूर्णलाई।

**इन्द्र**

सिर्जना, यशोदा, कल्पना, विमला, हेमन, पदम, उमेश, विजय, अर्चना, जुनु, अनुजा, सविना, भुवन, शेखर, लीलाराज, टिष्टा, दिलु, चन्द्र, दिनेश, गोमा, संगम, असीम, रेणु, राजकुमार, सुमन, तीर्थ, सुदेश, सुजन, शर्मिला, पवित्रा, आशा, रञ्जिता, इन्दिरा तथा घायललाई २००९ को हार्दिक शुभकामना।

**कल्पना साम्पाङ**

निशा, नववर्षको हार्दिक शुभकामना अनि सुस्वास्थ्यको कामना। तिमीलाई धेरै-धेरै सम्झना एवं माया।

**राजु**

यमकली, नववर्ष सन् २००९ प्रवेशको पावन अवसरमा अन्तरहृदयदेखि शुभकामना। सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगति अनि विशेषत शैक्षिक प्रगतिले सफलता चुम्न सकुन् साथै देशभित्र तथा बारिह छरिएर रहनुहुने सबै नेपाली आमाबाबु, दाजुभाइ, दिदीबहिनी, छरछिमेक, इष्टमित्रजनहरू सबैमा सुख, शान्ति, समृद्धि तथा उन्नति-प्रगतिको शुभकामना छ।

**ए.पी.'सुधा'**

आइतबारका दिन बेलुका ५ बजेतिर स्टुडेन्ट ड्रेसमा रत्नपार्कबाट माइक्रो चढी लास्ट सिटमा बस्ने, पटक-पटक दायाँ साइडको व्यक्तिलाई हेरिरहने, बोल्न चाहे जस्तो गर्ने, तपाईं कहाँसम्म भनी सोध्दा सानो स्वरमा उत्तर दिने र सोह्रखुट्टेमा ओर्लने साथीलाई hello_uworld @yahoo.com मेल गर्न अनुरोध छ।

**दायाँतिर बस्ने साथी**

नयाँ वर्ष २००९ को नयाँ साथीहरूलाई हार्दिक शुभकामना। पेम्बा, रोहित, श्याम, विकास, कुमारी, शर्मिला, पाल्साङ, प्रेम, उत्तम, कृष्ण, कान्छी, अर्जुन, आदिमा।

**गोपाल राई**

नयाँ वर्षको पावन अवसरमा हामी हाम्रा मित्र, शुभचिन्तक, मण्डली परिवार तथा नेपाली दाजुभाइ-दिदीबहिनीहरूमा सुख, शान्ति एवं समृद्धिका साथ उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**जोन लामा**

नयाँवर्ष २००९ को अवसरमा विशेष गरी इनरुवाबासी अनि यो शुभकामना सन्देश पढिरहनुभएका सबैमा धेरै-धेरै शुभकामना।

**विनोद खतिवडा**

अंग्रेजी नयाँ वर्षको पावन अवसरमा भीरपानी-७ मा बस्ने आमा, दिदीबहिनी, भान्जा, गाउँका इष्टमित्र, भावनात्मक सहयात्री मित्रहरु सुनिता, सरस्वती, श्यामप्रसाद, सम्झना, खेमराज, भुवन, विनोद, गंगा, दीपक, हिमा, रञ्जन, रोमन, यस, लक्ष्मी, बिन्दा, मञ्जु, निर्मला, निरञ्जन, राधा, रामहरि, निमा, रेखा, प्रश्ना, उमा, राजीव, अनिता, बहिनीहरू सिर्जना, रुक्मिणी, नीरा, आठौं ब्याज एमएसआरका साथीहरूलाई लाखौंलाख शुभकामना।

**दुर्गाबहादुर माझी**


# के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

**पुरुषहरूमा देखिने**

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु

**महिलाहरूमा देखिने**

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।

**महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार**

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरु।

सम्पर्क स्थान : **माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक**

पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन : ४२४०३८१, ४२२५५३५

**नोट : डा.सुवोध कुमार पोखरेल तपाईंहरुकै शहरमा**

| | | |
|---|---|---|
| पुतलीसडकमा | पुष ८,९,१०,११,१२,१३ र १४ गते | |
| पोखरा | १५ गते | फोन - ०६१ - ५३९१९४ |
| बागलुङ | १६ गते, ढमौली -१७ गते | |
| दाङ घोराही | १८ र १९ गते | फोन - ९८०६२०९८०० |
| बुटवल | २० गते | फोन - ०७१ - ५४८८९३ |
| भरतपुर | २१ गते | फोन - ०५६ - ५२०९६८ |
| हेटौडा | २२ गते | फोन - ९८४५०२७८४९ |
| हरिऔन सर्लाही | २३ गते | फोन - ०४६५३०४८४ |
| उदयपुर कटारी | २४ गते | फोन - ०३५ - ६९०९९३ |
| उदयपुर गाइघाट | २५ र २६ गते | फोन - ९८४५०२९०१७ |
| सप्तरी फत्तेपुर | २७ गते | फोन - ०३१ - ५५०११२ |
| इटहरी | २९ गते | फोन - ०२५ - ५८४०८८ |
| | माघ १ र २ गते | |
| धनकुटा | माघ ३ गते | फोन - ०२६ - ५२११४८ |
| बिर्तामोड | माघ ४ गते | फोन - ९८५२६७३१७३ |


**प्रश्न : म २० वर्षीया युवती हुँ। पाँच वर्षअघि स्कुले जीवनदेखि नै हामीले दुईतर्फी रूपमा प्रेम गरेका थियौं। हाम्रो प्रेमसम्बन्धका बारेमा अरू कसैलाई थाहा थिएन। ऊ बाबुआमाको एक्लो छोरा हो। ऊ बाबुआमाको इच्छाविपरीत कहिल्यै चल्दैनथ्यो। त्यसैको फाइदा उठाउँदै एक दिन उसलाई बाध्यतामा पारेर बाबुआमाले आफ्नै मामाको छोरीसँग विवाह गराइदिए। उसको अहिले एउटा छोरा पनि छ, तैपनि हाम्रो प्रेमसम्बन्ध पहिलेकै जस्तो छ। मैले एक–दुई दिन फोन गरिनँ भने ऊ कलेज नै जाँदैन। 'हेर, तिमी म र परिवारको खुसी चाहन्छौ भने तिमी मेरै हुनुपर्छ। यदि तिमी अरू कसैकी भयौ भने म विष आएर मर्छु' भन्छ। जेठी श्रीमतीलाई पनि हाम्रो प्रेमसम्बन्धका बारेमा सबै कुरा थाहा भैसक्यो, त्यसैले जेठी श्रीमती भन्छिन्– 'उसको खुसीका लागि भए पनि तिमी यहीं आऊ, सँगै मिलेर बसौंला। तिमीले उसको साथ छोड्यौ भने उसकी आमाको काख रित्तिन्छ।' म विवाह नै नगरी तिम्रो माया र भावनाको कदर गरेर एकलो जीवन जिउँछु भन्दा पनि मान्दैन। यो समस्याबाट मुक्त हुन मैले के गर्नुपर्ला ?**

– रि.



डा. राजेन्द्र भद्रा

## ● यौन जिज्ञासा र समाधान ●

**उत्तर : प्रेमसम्बन्ध**

मानव व्यवहार आफैंमा निकै जटिल हुन्छ, त्यसमा पनि यस्ता जटिल व्यवहार भएका दुई व्यक्तिबीचका आपसी सम्बन्ध स्वाभाविक रूपमै अझ जटिल हुने नै भयो। त्यसमा पनि यस्ता सम्बन्धको विकास झनै जटिल रूपमा अघि बढ्छ। एक-अर्काबाट प्राप्त गर्ने सन्देश अनि त्यसलाई कसरी अर्थ्याइन्छ भन्ने कुरा पनि व्यक्तिअनुसार फरक पर्छ। यसमा संलग्न व्यक्तिको अपेक्षा के-कस्तो थियो भन्ने विषयमा पनि धेरै कुरा निर्भर गर्छ।

किशोरावस्थामा स्वाभाविक रूपमै यौन वा प्रेमभावको दृष्टिले आकर्षित भइन्छ। विशेष गरेर किशोरावस्थामा वास्तविक प्रेम नभए पनि 'आकर्षण'मा नराम्रोसँग फसिन्छ र धेरैले त्यही आकर्षणलाई नै प्रेम भन्ठान्छन्। तपाईंको प्रेमीको उमेर पनि तपाईंको जस्तै हो भने मध्य-किशोरावस्था भएकाले आकर्षणलाई नै प्रेम मानेको हुने सम्भावना निकै छ। प्रेम तथा यौनभावनाको उचित व्यवस्थापन सामान्य सामाजिक जीवनयापनका लागि आवश्यक हुन्छ। अहिले पनि तपाईंको प्रेमले निरन्तरता पाएकाले यसलाई प्रेम नै हो कि भन्ने स्थिति पनि रहन्छ।

दुई विपरीत लिङ्गी बीचमा अन्तरङ्ग रोमान्टिक सम्बन्धको एक विकसित रूप प्रेम हो। भनिन्छ, प्रेममा शारीरिक यौनसम्पर्क राख्ने ध्येयले प्राथमिकता पाउँदैन। प्रेम वास्तवमा बिस्तारै हुने प्रक्रिया हो। दुई व्यक्ति साथसाथै हुर्कंदा यो विकसित हुन्छ र यसमा सम्पूर्ण व्यक्तित्व नै संलग्न हुन्छ। प्रेममा अर्को व्यक्तिको भावना तथा शरीर दुवैलाई कदर गरिन्छ र आफ्नो प्रेमीलाई सुखी राख्ने प्रयत्न गरिन्छ। प्रेम विश्वसनीय, निश्छल, सुनिश्चित तथा आत्मविश्वासले पूर्ण एवं दीर्घकालीन हुन्छ। प्रेमीहरू आफ्नो सम्बन्धमा गर्व गर्छन्। प्रेममा शारीरिक पक्ष अलि पछि प्राकृतिक रूपमा र निष्कपटताका साथ आउँछ। प्रेममा आफूले प्रेम गरेको व्यक्तिलाई दु:ख दिने, समस्यामा पार्ने, लक्ष्यबाट विमुख गर्ने र भविष्यमै नकारात्मक असर पार्ने किसिमका क्रियाकलाप गरिँदैनन्।

कतिपय स्थितिमा प्रेम नभै भौतिक आकर्षणको मात्र कुरा हो भने यौनसम्पर्क वा अन्य कुनै आफ्नो उद्देश्य पूरा भएपछि सम्बन्धलाई कि त निरन्तरता वा महत्व दिइँदैन।

**किन विवाहलाई रोक्न नसकेको ?**

कुनै पनि व्यक्तिको जीवनमा विवाह एकदमै महत्त्वपूर्ण कुरा हो। यो अरू कसैको खुसीका लागि गरिने विषय होइन। यहाँ कसैको दबाब रह्यो भन्दैमा त्यसलाई स्वीकार गर्नुले नै ठूलो प्रश्न उब्जाएको छ। तपाईंहरू दुवैको प्रेमसम्बन्ध प्रगाढ थियो भने उक्त विवाहको विरोधमा तपाईंको प्रेमीले के गर्नुभयो, स्पष्ट छैन। वास्तवमै विवाहको विरोध गरिएको भए रोक्न सक्ने सम्भावना पनि प्रशस्तै थिए होलान्। तपाईंको प्रेमीको विवाहको उमेर लेख्नुभएको छैन। जबरजस्ती विवाह, त्यो पनि यदि उमेर नपुगी गरिनु अपराध हो र त्यसलाई कानुनत: निषेध गरिएको छ। जबरजस्ती र प्रेमसम्बन्धविना नै विवाह भएको स्थितिमा सामाजिक रीतिथितिको समाधानपछि पनि विरोध गर्न सकिन्थ्यो। यहाँ श्रीमतीसँग बस्नु र त्यसमा पनि शिशु जन्माउनुले स्थितिलाई जटिल बनाइदिएको छ।

**के विवाह गरेर समस्या समाधान होला ?**

लामो सम्बन्धका कारण तपाईं पक्कै पनि आफ्नो प्रेमीसँग नजिकबाट परिचित हुनुहुन्छ। यसो हेर्दा एक्लो छोरा भएकाले अलि पुलपुलिएको र विभिन्न किसिमले धम्क्याएर समेत आफ्ना माग पुऱ्याउने सम्भावना देखिन्छ। यहाँ विवाहको बेलामा विरोध नगर्ने, विवाहपछि जीवन बिताउने, सन्तान जन्माउने अनि अब फेरि तपाईंसंग विवाह गर्न नपाए मर्छु भन्ने कुरा गर्ने व्यक्तिको व्यवहारलाई पूर्णतामा हेर्नु आवश्यक हुन्छ र उसका माग कत्तिका जायज हुन् खोतलेर हेर्नुपर्छ। हुनसक्छ उसले तपाईंलाई अगाध प्रेम गर्ला तर प्रेमी भएको नाताले तपाईंलाई असजिलो हुने कुनै पनि कार्य त्यो पनि मर्ने धम्की दिएर हुन्छ भने यसलाई वास्तविक प्रेम भन्न असजिलो हुन्छ।

संसारमा बहुपति वा बहुपत्नी व्यवस्था नभएको होइन र उनीहरूले राम्रैसँग जीवनयापन पनि गरेका छन्, तर अहिलेको समाजमा विभिन्न कारणले त्यसले कम मान्यता पाएको छ र यो कानुनत: बन्देज छ। कतिपयले कानुनको कार्यान्वयन फितलो भएकाले यसमा खासै ध्यान दिनु नपर्ने कुरा पनि सोच्लान् तर वास्तवमा कुरा त्यतिमा मात्र सीमित हुँदैन। यसका व्यावहारिक कठिनाइ पनि प्रशस्तै हुन्छन्।

अहिले तपाईंको प्रेमीकी श्रीमतीले तपाईंको विवाह उसको श्रीमान्सँग स्वीकार गरेको जस्तो देखिए पनि गहिरिएर हेर्नुभयो भने कुरा फरक होला। अहिले पक्कै पनि उहाँलाई कुनै न कुनै किसिमको दबाब वा दु:ख यति धेरै होला कि सौताका रूपमा तपाईंलाई स्वीकार गर्ने स्थितिमा पुग्नुपरेको छ। समान्यत: दुई श्रीमती एकसाथ बस्दा तालमेल मिलाउन निकै गाह्रो हुन्छ। शारीरीक तथा आर्थिक पक्ष मात्र होइन, यौन एवं मानसिक पक्ष पनि मिलाउनुपर्छ। पछि, दुवैका सन्तान भएपछि उनरुहरूको पनि व्यावहारिक, भावनात्मक अनि लालनपालनजस्ता कुरामा व्यवस्थापन त्यति सजिलो हुँदैन। कुनै पारपाचुके वा निश्चित तथा ठोस दीर्घकालीन निर्णय नगरी भावनात्मक कुराको पछि लागेर विवेक प्रयोग नगरी कुनै कदम उठाउनु अहिले समस्याको समाधानजस्तो लागे पनि वास्तवमा त्यो कुरा समस्याको दलदलमा फस्नु हुनसक्छ।



# फुटबलमा चहलपहलको वर्ष

यो वर्ष विश्वको सर्वाधिक लोकप्रिय खेल फुटबलका प्रशस्तै प्रतियोगिता भए। फुटबलको सर्वोच्च निकाय अन्तर्राष्ट्रिय फुटबल महासंघ र उक्त महासंघसँग आबद्ध विभिन्न संघले यो वर्ष ठूला प्रकृतिका फुटबल प्रतियोगिताहरू आयोजित गरे।

## स्पेनलाई ४४ वर्षपछि युरो उपाधि

सन् १९६४ मा आफ्नै देशमा आयोजना भएको दोस्रो युरोपेली फुटबल प्रतियोगिताको उपाधि जितेको स्पेनले त्यस्तो सफलतालाई दोहोऱ्याउन ४४ वर्ष कुर्नुपऱ्यो। विश्व फुटबलमा सर्वाधिक व्यावसायीकरण गर्न सफल युरोपेली राष्ट्रहरूले सहभागिता गरेको यो प्रतियोगिताको फाइनलमा स्पेनले जर्मनीलाई शून्यका विरुद्ध १ गोलले पराजित गरेर उपाधि हात पारेको थियो। १३ औं संस्करणको यो प्रतियोगिता यसपटक अस्ट्रिया र स्वीजरल्यान्डले संयुक्त रूपमा आयोजित गरेका थिए। युरोपका १६ राष्ट्रले सहभागिता जनाएको यो प्रतियोगितामा सहआयोजक अस्ट्रिया र पोल्यान्डले पहिलो पटक फाइनल चरणमा आफ्नो उपस्थिति देखाएका थिए। पूर्वविजेता ग्रीस, सन् २००० को युरो विजेता फ्रान्सजस्ता राष्ट्रहरू पहिलो चरणबाटै बाहिरिएका थिए। सेमिफाइनलमा जर्मनीले टर्कीलाई २ का विरुद्ध ३ गोलले र स्पेनले रूसलाई शून्यका विरुद्ध ३ गोलले पराजित गरेको थियो। विभिन्न चरणमा खेलाइएको ३१ वटा खेलमा २ दशमलव ४८ को औसतले ७७ गोल भएका थिए। यो प्रतियोगितामा स्पेनका डेभिड भिल्लाले सर्वाधिक ४ गोल गरेका थिए भने प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीको उपाधि स्पेनकै जाभियर हर्नान्डेज क्रुजले पाए।

## विभिन्न विश्वकप फुटबल

फिफाले आयोजना गर्ने फुटसल (इन्डोर फुटबल) को छैटौं संस्करण यो वर्ष ब्राजिलमा सम्पन्न भयो। पहिलो पटक सर्वाधिक २० राष्ट्रले सहभागिता गरेको प्रतियोगितामा आयोजक ब्राजिलले डिफेन्डिङ च्याम्पियन स्पेनलाई पेनाल्टी सुट आउटमा ३ का विरुद्ध ४ गोलले पराजित गऱ्यो। पछिल्ला दुई संस्करणको विजेताको स्पेनलाई पराजित गरेर ब्राजिलले यो समेत चौथो पटक उपाधिमा कब्जा गरेको हो। यो प्रतियोगितामा रूसलाई १ का विरुद्ध २ गोलले पराजित गरेर इटलीले तेस्रो स्थान हात पारेको थियो।

सन् २००२ मा फिफाले १९ वर्षमुनिका महिलाहरूको विश्वकप फुटबल प्रतियोगितामा पाएको सफलताबाट हौसिएर यो वर्षदेखि १७ वर्षमुनिको महिला विश्वकप फुटबल प्रतियोगिता आयोजित गऱ्यो। न्युजिल्यान्डमा सम्पन्न यो प्रतियोगितामा १६ राष्ट्रले सहभागिता जनाए। फाइनलमा उत्तर कोरियाले अमेरिकालाई अतिरिक्त समयमा १ का विरुद्ध २ गोलले पराजित गऱ्यो। तेस्रो स्थानका लागि भएको खेलमा जर्मनीले इङ्ल्यान्डलाई शून्यका विरुद्ध ३ गोलले पराजित गरेको थियो।

फिफाले यो वर्ष २० वर्षमुनिका महिलाहरूको चौथो विश्वकप फुटबल प्रतियोगिता सम्पन्न गऱ्यो। चिलीले तेस्रो पटक आयोजना गरेको विश्वकपस्तरको फुटबल प्रतियोगिताको फाइनलमा अमेरिकाले उत्तर कोरियालाई १ का विरुद्ध २ गोल गरी दोस्रो पटक उपाधि हात पाऱ्यो। १६ राष्ट्रले सहभागिता गरेको उक्त प्रतियोगितामा तेस्रो स्थानका लागि भएको खेलमा सन् २००४ को विजेता जर्मनीले फ्रान्सलाई ३ का विरुद्ध ५ गोलले पराजित गरेको थियो। प्रतियोगितामा सर्वाधिक ५ गोल गर्ने अमेरिकाकी सिड्नी लिरोक्सले बेस्ट प्लेयर्सको उपाधि पाइन्।

सन् २००५ देखि फिफाले प्रत्येक वर्ष आयोजना गर्दै आएको 'बीच सकर वर्ल्ड कप' चौथो संस्करण फ्रान्समा सम्पन्न भयो। ६ महादेशका १६ टिमले सहभागिता गरेको प्रतियोगिताको फाइनलमा ब्राजिलले इटलीलाई फाइनलमा ३ का विरुद्ध ५ गोलले पराजित गर्दै लगातार तेस्रो पटक उपाधिमाथि कब्जा जमायो। तेस्रो स्थानका लागि भएको खेलमा पोर्चुगलले स्पेनलाई ४ का विरुद्ध ५ गोलले पराजित गऱ्यो।

एसियाली फुटबल महासंघ (एएफसी) ले पनि यो वर्ष फुटबलका विभिन्न ठूला प्रकृतिका प्रतियोगिताहरू आयोजित गऱ्यो। प्रत्येक २ वर्षको अन्तरालमा हुने एएफसी एसिया वुमेन्स कप फुटबल प्रतियोगिताको १६ औं संस्करण भियतनामले आयोजित गऱ्यो। एसियाका आठ टिमले सहभागिता जनाएको प्रतियोगितामा उत्तर कोरियाले डिफेन्डिङ च्याम्पियन चीनलाई फाइनलमा १ का विरुद्ध २ गोलले पराजित गऱ्यो। यो सफलताले उत्तर कोरियालाई तेस्रो पटक उपाधिको हकदार बनायो। तेस्रो स्थानका लागि भएको खेलमा जापानले अस्ट्रेलियालाई शून्यका विरुद्ध ३ गोलले पराजित गरेको थियो।

६ लाख डलर पुरस्कार राशि रहेको एएफसी च्याम्पियन्स लिग फुटबलको फाइनलमा जापानको गाम्बा ओसाका क्लब र अस्ट्रेलियाका एड्रियल युनाइटेड फाइनलमा पुगे। होम एन्ड अवेका आधारमा भएको फाइनल खेलमा गाम्बा ओसाकाले एड्रियललाई शून्यका विरुद्ध २ गोलले पराजित गरेको थियो भने ओसाकामा भएको अर्को खेलमा गाम्बाले एड्रियललाई शून्यका विरुद्ध ३ गोलले पराजित गरेको थियो।

प्रत्येक दुई वर्षको अन्तरालमा हुने बेस्ट एसियन फुटबल फेडेरेसन च्याम्पियनसिपको पाँचौं संस्करण इरानमा सम्पन्न भयो। मध्यपूर्वका ६ राष्ट्रले सहभागिता गरेको उक्त प्रतियोगितामा डिफेन्डिङ च्याम्पियन इरानले जोर्डनलाई १ का विरुद्ध २ गोलले पराजित गरी चौथो पटक उपाधि हात पारेको थियो।

एसियाली फुटबल महासंघले सन् २००४ देखि प्रत्येक वर्ष आयोजना गर्दै आएको एएफसी कप प्रतियोगिता यो वर्ष पनि सम्पन्न भयो। विभिन्न देशका लिग च्याम्पियन रहेका क्लबहरूले सहभागिता गरेको यो प्रतियोगिताको फाइनलमा बहराइनको अल-मुहारक र लेबनानको साफा क्लब पुगेका थिए। होम एन्ड अवेका आधारमा भएको पहिलो खेलमा अल-मुहारकले साफालाई १ का विरुद्ध ५ गोलले र अर्को खेलमा ४ का विरुद्ध ५ गोलले पराजित गरेको थियो।

सन् २००५ देखि प्रत्येक वर्ष हुँदै आएको एएफसी प्रेसिडेन्ट कप फुटबल प्रतियोगिताको पाँचौं संस्करण किर्गिजस्तानमा सम्पन्न भयो। नेपालको महेन्द्र पुलिस क्लबले समेत सहभागिता गरेको यो प्रतियोगिता एसियाली क्षेत्रमा फुटबलका उदियमान राष्ट्रका लिग विजेता क्लबहरूले सहभागिता गर्ने गरेका छन्। यो प्रतियोगिताको फाइनलमा काजिकिस्तानको रेजर टाडाले किर्गिस्तानको डोरियो डाइनामो क्लबलाई पेनाल्टी सुट आउटमा ३ का विरुद्ध ४ गोलले पराजित गऱ्यो। प्रतियोगिताको सेमिफाइनलमा नेपाल प्रहरी क्लब डोरडोई डाइनामो क्लबद्धारा १ का विरुद्ध ३ गोलले पराजित भएको थियो।

एएफसीले यो वर्ष उमेर समूहको दुईवटा फुटबल प्रतियोगिता पनि गऱ्यो। एएफसीले विगतमा आयोजना गर्दै आएको १७ वर्षमुनिको फुटबल प्रतियोगिताको ढाँचा परिवर्तन गरेर यो वर्ष १६ वर्षमुनिको प्रतियोगिता गरायो। उज्वेकिस्तानमा भएको प्रतियोगितामा १६ वटा टिमले सहभागिता जनाएका थिए। फाइनलमा इरानले दक्षिण कोरियालाई १ का विरुद्ध २ गोलले पराजित गरी उपाधि हात पारेको थियो। एएफसीले यो वर्ष १९ वर्षमुनिको एएफसी कप प्रतियोगितासमेत आयोजित गऱ्यो। ३५ औं संस्करणका रूपमा साउदी अरेबियामा भएको उक्त प्रतियोगितामा संयुक्त अरब इमिरेट्सले उज्वेकिस्तानलाई १ का विरुद्ध २ गोलले पराजित गऱ्यो।

# नयाँ स्टारको उदय



वर्ष २००८ थुप्रै खेलाडीको असफलताका कारण चर्चामा रह्यो। थुप्रैको सफलता र असफलताको कथा बेइजिङ ओलम्पिकसँग नै जोडियो। माइकल फ्लेप्सको सफलताको कारण चर्चित बेइजिङ ओलम्पिकको पौडी स्पर्धामा बेलायतकी रेडेबा एडगिल्टनले पौडी खेलकै ऐतिहासिक खेलाडी जेनेट इभान्सको १६ वर्ष पुरानो कीर्तिमान भंग गर्दै ८ सय मिटर फ्रीस्टाइलको स्वर्ण पदक जितेकी थिइन्। आफ्नै देशकी जस्टी हार्डी अन्तिम समयमा ओलम्पिकमा सहभागिता जनाउन नपाएपछि टोलीमा समावेश अमेरिकी खेलाडी रेकोबा सोनीले २ सय ब्रेस्टस्ट्रोकमा रजत तथा १ सय मिटर ब्रेस्ट स्ट्रोकमा कांस्य पदक जितिन्। जर्मनीकी ब्रिटा स्टेफन ५० र १ मिटर फ्रीस्टाइलमा नयाँ कीर्तिमानसहित स्वर्ण पदक जितिन्। ओलम्पिक प्रतिस्पर्धासमेत भएको वर्ष २००८ बाट धेरै खेलाडीको स्वर्णिम जीवन प्रारम्भ भयो तथापि आश्चर्यजनक उपलब्धि मानिएका केही महत्त्वपूर्ण खेलाडीको भने चर्चा भै नै रह्यो।

एथलेटिक्समा जमैकाका स्टारको उदय



हुँदा केही अत्यन्त कम परिचित नामले सनसनी फैलाए। यसरी सनसनी फैलाउनेमा १ सय मिटरकी उपाधि विजेता एमी फ्रेजियर रहिन्। महिला जिम्न्यास्टिकमा अमेरिकाको वर्चस्व समाप्त पार्ने क्रममा हे केक्सिनसहितको चिनियाँ टोली अर्को आश्चर्य बन्यो। चीनकै सेलिङ खेलाडी जियांग उङ तथा २ सय मिटर पौडीमा स्वर्ण जित्ने जियांग जी संसारकै आश्चर्य बने। महिला जिम्न्यास्टिकमा आफ्नै देशकी स्वान जोन्सन र चिनिया प्रभावलाई चुनौती दिने क्रममा उदाएकी नास्टिया लुकिन अर्को आश्चर्यजनक प्रतिभा बनिन्।

बेइजिङ ओलम्पिकमै उदाएका अर्का आश्चर्यजनक खेलाडी भारतका अभिनव विन्द्रा रहे। उनले उपाधिका दावेदार चीनका खेलाडीलाई पछि पार्दै स्वर्ण पदक जितेका थिए। क्रिकेटका भारतीय बलर इसान्त शर्मा अर्का महत्त्वपूर्ण खेलाडी रहे। गत वर्ष अस्ट्रेलिया भ्रमणदेखि अन्तर्राष्ट्रिय क्रिकेटमा प्रभाव देखाउन थालेका शर्माको प्रदर्शन वर्षभरि नै उत्कृष्ट रह्यो। यस वर्ष अस्ट्रेलियालाई घरेलु भूमिमा भएको टेस्टमा पराजित गर्नमा शर्माको भूमिका उल्लखेनीय थियो।

शर्माका अतिरिक्त दक्षिण अफ्रिकाका जियान पाउल डुमिनीले एक दिवसिय खेलमा आफूलाई मध्यपक्तिको भरपर्दो ब्याट्सम्यानका रूपमा स्थापित गरे। उनकै प्रदर्शनको कारण दक्षिण अप्रिकाले वेस्टइन्डिज र न्युजील्यान्डसँगको श्रृंखलालाई आफ्नो कब्जामा मात्र पारेको थियो। साथमा यसै साता सम्पन्न अस्ट्रेलियासँगको टेस्ट जिताउने क्रममा पनि उनले विजयी रन प्रहार गरेका थिए।

स्पेनको फुटबल टिम यस वर्षको अर्को उदियमान राष्ट्र बन्यो। लगातार २७ खेलको अपराजित यात्रा कायम गरेको स्पेनी टिमको विशेषता नै हो कि यसबाट कुनै एक स्टारको छनौट गर्न जोकोहीलाई गाऱ्हो हुन्छ। ४४ वर्षपछि युरोकपको उपाधि जितेको स्पेनका सामु संसारका हरेक शक्ति चुकिरहेका छन्। स्पेनका साथै हल सिटीबाट खेल्ने ब्राजिलीयन खेलाडी जियोभानी यसै वर्ष उदाएका अर्का आकर्षक खेलाडी बने। कम चर्चामा रहे पनि एकाएक स्टार बन्नेमा स्पेनका डेविड भिल्ला नै रहे। लगातार गोल गर्ने भिल्ला संसारकै डरलाग्दा फरवार्डका रूपमा स्थापित भएका छन्।

आश्चर्यजनक खेलाडीको चर्चामा टेनिसका नोभाक जोकोभीक र जो वेल्फ्रेड सोंगा पनि रहे। वर्षको सुरुमा भएको अस्ट्रेलियन ओपनको फाइनलमा प्रवेश गरेका यी दुई खेलाडीमा जोकोभिकले उपाधि जिते, तथापि फाइनल प्रवेशको क्रममा राफेल नाडाललाई पराजित गरेका सोंगा नयाँ स्टारका रूपमा उदाए। जोकोभिकले पनि फाइनल प्रवेशको क्रममा रोजर फेडररलाई पराजित गरेका थिए। अश्वेत अमेरिकी खेलाडी सेरेना विलियम्स र भेनस विलियम्स, जेलेना जान्कोभिक र मोरिया सारापोभाको चुनौतीलाई पार गर्दै उदाएकी अन्ना इमानोभिक अर्की नयाँ स्टार बनिन्। यस्ता अनेकौं नाम हुन सक्छन्, जसले २००८ बाट आफूलाई विश्वस्तरीय स्टारका रूपमा परिचित गराए।

# विश्व खेलकुदका विवादास्पद घटना



वर्ष २००८ विश्व खेलकुदका लागि अत्यन्त महत्त्वपूर्ण रह्यो । यो वर्ष सम्पन्न ओलम्पिक प्रतियोगिता विवादबाट पनि टाढा रहन सकेन । चिनिया जिम्न्यास्टिक खेलाडीको उमेर विवाद, डोपिङ र मार्सल आर्टको परिणाम नै विवादमा परे । साथै ओलम्पिक सञ्चालन भैरहेको समयमा विभिन्न व्यक्तिको हत्याको समाचारले मानवअधिकारको प्रश्नलाई पनि गम्भीर बनायो ।

सबैभन्दा ठूलो विवादमा महिला टिम इभेन्टमा स्वर्ण पदक विजेता चिनिया टोली पऱ्यो । आवश्यक १६ वर्ष उमेर नपुगेका दुई खेलाडी टिममा रहेको चिनिया समाचार संस्था सिन्हावामा उल्लेख भएको दाबी सहित रजत पदक विजेता अमेरिकाले उजुरी पनि गरेको थियो । उजुरीका बाबजुद कम उमेर भएको कुनै प्रमाण फेला नपरेपछि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले चीनकै पक्षमा निर्णय सुनायो । चिनिया सञ्चार माध्यमले वांग युङ आफैले एक अन्तरर्वातामा आफू १४ वर्ष भएको बताएको दाबी गरे पनि युङले गलत बोलेको जाहेरीपछि अन्तर्राष्ट्रिय जिम्न्यास्टिक निकायले सफाइ दियो । यसका साथै हि केक्सिन, यांग इलिन, जियांग युयान, डेंग लिनान, ली सानसाहको उमेर छानबिन गर्न माग गरे पनि रातारात पासपोर्टका साथै अन्य कागजात परिवर्तन गरिएको आरोप अमेरिकाले लगाएको थियो ।

विवादको अर्को पाटो बन्यो डोपिङ प्रकरण । सबैभन्दा धेरै डोपिङमा मुछिनेमा अमेरिकी खेलाडी रहे । बेइजिङ ओलम्पिकको पूर्वसन्ध्यामा भएको परीक्षणमा एटलान्टा र सिड्नी ओलम्पिकमा स्वर्ण पदक विजेता अमेरिकी खेलाडीको स्वर्ण पनि खोसियो ।

बेइजिङ ओलम्पिकमै पनि ६ जना खेलाडी डोपिङमा असफल भए । युक्रेनका भारोत्तोलक आइगर राजरनोभ, हेपाथलनका रजत पदक विजेता ल्युडमिला ब्लोन्स्का, ग्रिसका हर्डलर फानी हाल्किया, उत्तर कोरियाका सुटर किम जंग सु, स्पेनका साइकल चालक इसाबेल मोरेनो, भियतनामका जिम्न्यास्ट थाइ नुवो




मेन्जो डोपिङ परीक्षणमा असफल रहे । उत्तर कोरियाका किमले एक रजत र एक कांस्य गुमाए ।

ओलम्पिककै तेक्वान्दोको स्वर्ण पदक दाबेदार स्टेफन लोपेज इटालियन खेलाडीसँग पराजित भएपछि रेफ्रीको निर्णय विरुद्ध सार्वजनिक अभिव्यक्ति दिन पछि परेनन् । लोपेजको घटनाभन्दा बढी चर्चित क्युबाका तेक्वान्दो खेलाडीले रेफ्रीलाई पिटेको घटना बन्यो ।

युरोपेली वर्ष खेलाडी तथा फिफा वर्ष खेलाडीका दाबेदार क्रिस्टियानो रोनाल्डोको अनुबन्ध प्रकरण बढी विवादित बन्यो । म्यानचेस्टर छाड्दै रियल म्याड्रिड पुग्न चाहेका रोनाल्डोलाई उनको पुरानो क्लबले छोड्न चाहेन । रोनाल्डोको अनुरोधलाई म्यानचेस्टरले बेवास्ता गरेपछि फिफा अध्यक्ष सेफ ब्लाटरले नै खेलाडी क्लबको दास नहुने प्रतिक्रिया दिए, तथापि म्यानचेस्टर अडानबाट नहटेपछि पोर्चुगलका स्टार म्यानचेस्टरमै रहन बाध्य भए । सन् २०१० को विश्वकप आयोजक राष्ट्र दक्षिण अफ्रिकाको तयारी चित्तबुझ्दो नभएको आरोप युरोपेली राष्ट्रले लगाएपछि फिफा अध्यक्ष ब्लाटरल नै दक्षिण अफिकाका पक्षमा प्रस्ट बोल्नुपरेको थियो ।

भारतको मुम्बईमा भएको आतंककारी घटनाका कारण च्याम्पियन्स ट्रफी क्रिकेट स्थगित भयो भने पाकिस्तान र भारतबीचको श्रृंखला पनि पनि रद्द भयो । आइपीएल र आइसिएलका जारी विदा अर्को महत्त्वपूर्ण पाटो बन्यो । थुप्रै स्टार खेलाडीले आइपीएलमा अनुबन्ध गरे पनि धेरै समय देशका लागि खर्चिएपछि खेलाडी र आइपीएबीचको विवाद बढेको हो । वेस्टइन्डिजका क्रिस गायल इंग्ल्यान्डका एन्ड्रयु फ्लिन्टफ र केभिन पिटरसन यस्ता खेलाडीको सूचीमा अग्रपंक्तिमा रहे ।



## ओलम्पिक वर्ष २००८



सन् २००८ को वर्ष विश्व खेलकुदका लागि अविस्मरणीय रह्यो । यो वर्ष केही यस्ता प्रतियोगिता आयोजना भए जसले खेलकुदको इतिहासलाई पुनर्लेखन गर्न बाध्य पारेको छ भने केही यस्ता घटना भए जसले आगामी दिनमा विश्व खेलकुद क्षेत्रमा नयाँ मोडहरू आउने संकेत दिएको छ ।

**ओलम्पिकमा फ्लेपको उदय**

सन् २००८ मा भएका विभिन्न खेलकुद प्रतियोगितामध्ये २९ औं ओलम्पिक सबैभन्दा ठूलो थियो । चीनको राजधानी बेइजिङले आयोजना गरेको यो ओलम्पिक समावेश खेल, सहभागी खेलाडी र लगानीका दृष्टिकोणले अहिलेसम्मकै सर्वाधिक ठूलो प्रतियोगितासमेत रह्यो । विभिन्न राजनैतिक विवादका बाबजुद पनि बेइजिङ सहरले भव्य रूपमा ओलम्पिक आयोजना गरेर सारा विश्वलाई चकित तुल्यायो । योबाहेक चीनले आफूलाई पदक तालिकामा शीर्ष स्थानमा उभ्याएर नयाँ खेलकुद शक्तिराष्ट्रका रूपमा स्थापित गऱ्यो ।

२ सय ५ राष्ट्रले सहभागिता जनाएको यो ओलम्पिक १७ दिनसम्म चलेको थियो । यो ओलम्पिकमा आयोजक चीनले ५१ स्वर्ण, २१ रजत, २८ कांस्यसहित कुल १ सय पदक जितेर आफूलाई शीर्ष स्थानमा उभ्यायो भने पछिल्ला दुई संस्करणको ओलम्पिकमा आफूलाई शीर्ष स्थानमा उभ्याएको अमेरिकाले ३६ स्वर्ण, ३८ रजत, ३६ कांस्य जितेर दोस्रो स्थानमा चित्त बुझायो । प्रतियोगितामा रूसले तेस्रो तथा ग्रेट ब्रिटेनले चौथो स्थान पाए ।

२८ खेलका ३ सय २ स्पर्धाका लागि भएको बेइजिङ ओलम्पिकमा अधिकांश विश्वकीर्तिमान पौडी खेलमा कायम भए । पौडी खेलमा मात्र २१ वटा नयाँ विश्वकीर्तिमान बने, जसका नायक बने अमेरिकाका पौडीबाज माइकल फ्लेप । फ्लेपले यो ओलम्पिकमा ८ स्वर्ण पदक जितेर एउटै ओलम्पिक प्रतियोगितामा सर्वाधिक स्वर्ण पदक जित्ने खेलाडीका रूपमा आफ्नो नाम लेखाए । यसअघि सन् १९७२ को म्युनिख ओलम्पिकमा अमेरिकी पौडीबाज मार्क स्पिजले एकै ओलम्पिक प्रतियोगितामा ७ स्वर्ण पदक जितेर त्यस्तो कीर्तिमान बनाएका थिए, तर फ्लेपको यस पटकको सफलताले उनलाई ओलम्पिक प्रतियोगितामा सर्वाधिक पदक जित्ने खेलाडीका रूपमा समेत प्रस्तुत गरेको छ । सन् २००४ को एथेन्स ओलम्पिक प्रतियोगितामा ६ स्वर्ण र २ कांस्य पदक जितेका फ्लेप्सलाई यस पटकको ८ स्वर्ण पदकले सर्वाधिक १४ स्वर्ण पदक जित्ने खेलाडी समेत बनाएको छ ।

२९ औं गृष्मकालीन ओलम्पिक प्रतियोगिता समापन भएलगत्तै बेइजिङले १३ औं पारालम्पिक प्रतियोगिता आयोजित गऱ्यो । १ सय ४८ राष्ट्रका ४ हजार २ सय खेलाडीले सहभागिता जनाएको उक्त प्रतियोगितामा आयोजक चीनले नै पदक तालिकामा शीर्ष स्थान हासिल गऱ्यो । २० खेल समावेश भएको प्रतियोगितामा चीनले ८९ स्वर्ण, ७० रजत, ५२ कांस्यसहित कुल २ सय ११ पदक जितेको थियो । ग्रेट ब्रिटेनले ४२ स्वर्ण, २९ रजत र ३१ कांस्य पदक जितेर दोस्रो भएको थियो भने अमेरिकाले तेस्रो स्थान हासिल गरेको थियो ।



विपन्नता एवं पछौटेपन व्यक्ति र परिवारका लागि अभिशाप हो। यसबाट मुक्ति पाउनु भनेको धन आर्जन गर्नु हो। यथार्थमा व्यापार-व्यवसाय गरेर धन कमाउनु भनेको फलामको च्युरा चबाउनुसरह हो, किनभने धनको सिद्धान्तअनुसार धन प्राप्त गर्नु भनेको पहिले लगानी गर्नु हो, जुन विपन्नहरूका लागि सम्भव छैन। त्यसैले संसारभरका गरिबहरूले पारम्परिक पुरानो शैलीको खेतीपाती तथा मजदुरी पेसामा विश्वास गरेको पाइन्छ, तर हामीकहाँ अधिकांश खेती योग्य जमिन ठूला धनाढ्य जमिन्दारहरूको स्वामित्वमा छ, जसले गर्दा नेपालमा करिब दस लाख गरिब किसानसँग आफ्नो जमिन छैन, तसर्थ खेतीपाती गरी आर्थिक उन्नति गरौंला भनेर सोच्नु दिउँसै सपना देख्नुझैं भएको छ। महँगी र अभावले गर्दा विकल्पमा रहेको मजदुरी पेसाले पनि जीवनयापन गर्न गाह्रो बनाएको छ। स्वास्थ्य उपचार, शिक्षा, गाँस, बास र कपासको जोहो गर्न कठिन हुँदै गएको छ।

यसै सन्दर्भमा हालै विश्व बैंकले पहिलेको भन्दा दोब्बर २ सय ५३ मिलियन डलर नेपालको विकास एवं गरिबी निवारण कार्यक्रमप्रति लक्षित गर्दै सहयोग गर्ने घोषणा गरेको छ। यसअघिका सहायताहरूले विपन्न वर्ग र उनीहरूको पछौटेपनलाई राम्रोसँग सम्बोधन गर्न नसकेकाले अहिलेको सहायता रकम पनि कागलाई बेल पाक्नु हर्ष न बिस्मात भनेझैं हुने डर बढी छ, तथापि नेपालमा गरिबी र पछौटेपन हटाउन शान्ति चाहिन्छ भन्नेहरू आज शान्तिका निम्ति पहिलो सर्त गरिबी र पछौटेपन हट्नुपर्छ भन्न थालेका छन्। यद्यपि यहाँ यी विषयलाई केही व्यक्तिले आफ्नो



विक्रम राई

## प्रसंग कतिपय

स्वार्थका लागि प्रयोग गरेको पाइन्छ। कसैले यसलाई एनजीओ वा आईएनजीओका रूपमा डलर खेतीको माध्यम बनाएका छन् भने कसैले सामाजिक विभेद र वर्गीय राजनैतिकवादमा अल्झाएर दुहुनो गाई बनाएको पाइन्छ। यसले लक्षित वर्गको उत्थान नभए पनि कर्ताधर्ताको जबरजस्त कायाकल्प भएको छ। डाक्टर मार्टिनका जुत्ता, इटालियन फेब्रिकका महँगा पाइन्ट, लुई फिलिप्सका सर्ट र स्वीस घडीहरू लगाई ग्रान्ड भिटारा, मित्सुबिसी पजेरो वा टोयोटा प्राडोमा घुइँकिनु ती कर्ताधर्ताहरूको दैनिकी नै भएको छ।

गरिबी निवारणका निम्ति सामूहिक जमानी बसेर बिना धितो सहुलियत ब्याजदरको कर्जा उपलब्ध गराउने उद्देश्यअनुरूप खुलेका सहकारीहरू सिद्धान्त र लक्षित वर्गलाई छाडी सहरमुखी वित्तीय संस्थामा परिणत हुन लालायित छन्। त्यसै गरी ग्रामीण विकास बैंकहरू आफ्नो पुँजी वृद्धि गरी वाणिज्य बैंकमा परिणत हुन अघि बढेका छन्। दूरदराज ग्रामीण भेगका विपन्नहरूको जीवनस्तर उकास्ने लक्ष्य लिई खुलेका यस प्रकारका संस्थाहरू नै सेवाभन्दा फाइदातर्फ अग्रसर भै उद्देश्य विमुख भएपछि गरिबहरूको संकटको समाधान कसरी हुन्छ- विचारणीय छ।

हामीकहाँ गरिबीको मुद्दालाई सामाजिक एवं राजनैतिक जामा लगाइदिएर आफ्नो दुनो सोघ्याउनेहरूको ठूलै समूह छ। 'कोही त भने पसिना तरर, कोही त भने हवाईजहाज सरर.... हाम्रो नेपालमा' जस्ता दुःख र पीडाका गीत सुनाएर र सामाजिक तथा आर्थिक विभेदका कुरा उठाएर धेरैले आफ्नो स्वार्थ सिद्ध गरेका छन्। सर्वहारा राजनीतिज्ञ, नेता तथा मन्त्रीहरू मार्क्सवादमा घनिभूत भए पनि सबै नयाँ घेरा, समूह र नव-एंगेल्सहरू बनाउन सफल छन्। यति हुँदाहुँदै पनि बुझ्नुपर्ने कुरा के छ भने नेपालको राजनीतिमा गरिबी र भोकमरी कहिल्यै मुख्य मुद्दा बनेन। बुर्जुवा चिन्तक तथा सामन्तीहरूबाट केही आशा नगरे पनि नेपालीहरूले वर्गीय चिन्तक तथा त्यस्ता दलहरूबाट आशा गरेका हुन्, तर अहिले उनीहरूका निम्ति यो विषय गौण भएको छ, बरु क्षेत्र, जात, सम्प्रदाय र भूगोल ठूलो मुद्दा बनेको छ। 'कांग्रेस ल्याऊँ, गरिबी हटाऔं' जस्तो नाराको नक्कल यहाँका समाजवादीहरूले गर्न सकेका छैनन्। वास्तवमा यस प्रकारको गम्भीर विषय राजनैतिक दलहरूको मुख्य मुद्दा नबन्नुले कतै स्वयं ती दलका नेताहरूको क्षमतामा गरिबीपन आएको त होइन प्रश्न उठ्न थालेको छ, अथवा यसो पनि हुनसक्छ, ती नेताहरू जनता सधैं विपन्न नै रहून् भन्ने चाहन्छन् ताकि उनीहरूको नाममा सधैं राजनीतिको हलो जोत्न पाइयोस्।

अन्तमा हालै मुम्बईमा भएको आतंककारी घटनाका कारण लामो समयदेखि बिरामी रहेका भारतका पूर्व प्रधानमन्त्री बी.पी.सिंहको दुःखद निधनको समाचारलाई सञ्चारजगत्ले त्यति स्थान नदिए पनि उहाँले आफ्नो राजनैतिक जीवनका सुनौला दिनहरूमा एउटा आमसभामा बोल्नुभएको वाक्यांश यहाँ उद्धृत गर्नु उपयुक्त हुन्छ- 'जब गरिबलाई भोक लाग्छ तब त्यो भोक पेटमै सीमित भए ठीक हो, तर जब त्यो भोक पेटबाट सरेर दिमागमा आउँछ त्यतिखेर त्यही भोक आँसु बनेर आँखाबाट बग्छ र अगाडि पर्नेहरूलाई तेजाबले झैं जलाइदिन्छ।'

prasangakatipaya@hotmail.com

Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor: Tel: 016217094
Adwait Marg Old Buspark: Tel: 4232866
Lagankhel: Tel: 5004018

होटल तालीम
छुट्टा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with
Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल)
एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तालिम
माउण्टेन होटल ट्रेनिङ सेन्टर
Ph:016212336,9841812055

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।